भूमि तथा कृषि अधिकार अभियान

# बार्षिक सहभागीमूलक समीक्षा तथा मनन् प्रक्रिया

## २५-२७ असार, २०७०
## भूमि अध्ययन घर, ठिमुरा चितवन



CSRC
आत्मनिर्भर केन्द्र

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, काठमाडौं

**रिफ्लेक्सन आफ्नै लागी हो । राम्रा मात्र हैन । विगारिएको विषयको पनि समीक्षा गरौं ।**

१ प्रस्तुतीमा प्रभाव आएन । क्रियाकलाप र नतिजामात्र समेटिए । अघिल्ला वर्षमा भएका काम र त्यसबाट आएको प्रभाव नाप्न सकेनौं । उपलव्धीमा बढि प्रक्रिया मिसियो । जसले सही रिफ्लेक्सनमा बाधा पुग्छ । रिपोर्ट हैन । रिफ्लेक्सन चाहियो ।

२ सूचना बग्रेल्ती आए । विश्लेषण आएन । कुन जिल्लामा कति सदस्य मात्र भन्दा महिलाको प्रतिशत के छ ? दलितको प्रतिशत के छ ? कति जिल्ला अध्यक्ष महिला छन् ? यसका कारण के हो ? त्यस्ता विश्लेषण र कारण आउन आवश्यक छ ।

३ परिवेशमा आधारित मौलिक अभियान कम उठे । ब्राण्ड सवालले प्राथामिकता पायो । अव जसले अभियान उठाउने हो । त्यसमा कन्भिन्सिङ्ग सामाग्री नभई अभियान उठाउनु हुदैंन ।

४ क्षेत्रगत समीक्षाका कारण जिल्लागत अवस्था लुक्यो । यसो हुँदा क्षेत्रगत समीक्षामा जिल्लागत प्रस्तुती र त्यसलाई माझ्न काम बढि गर्नुपर्दछ र त्यहाँ भित्र नमिलेका विषयलाई पनि प्रस्तुतीमा ल्याउनु पर्दछ । जस्तो : महोत्तरीको संयुक्त पूर्जाको उपलव्धी सन्तोषजनक भएपनि सोही क्षेत्रको अन्य जिल्लाको उपलव्धी सोही अनुसार नभएकाले उपलव्धीमा ठुलो प्रभाव परेन । यस अर्थमा जिल्लागत र क्षेत्रगत समीक्षालाई नै बलियो बनाउनुपर्छ ।

५ कुन सूचना कसले लिने ? मञ्चले के लिने ? संस्थाले के लिने ? यसको टुङ्गो लाग्नुपऱ्यो । दोहोरोपना देखियो । र त्यसमा तालमेल मिलेको पाइएन ।

६ अगुवा र अभियानकर्ताको सहभागीता पहिलो दिन थोरै कमजोर भयो । यस्तोमा सम्बन्धित टिमले नै उत्साहित गर्ने र बुझाउने कार्य बढाउनुपर्ने हो । किनकी भौतिक उपस्थितीले मात्र समीक्षाको रस निस्कदैंन ।

७ सिकाईको लागु गर्ने कार्ययोजना र चूनौतीको सामना गर्ने योजना पनि बन्नुपर्दछ । नभए यो केवल मुखको तितो फाल्ने कार्य हुन्छ । परिवर्तनमा मद्दत गर्दैन ।

८ परिवर्तनका पात्र र ठाउँहरू कम भेटिए । नभएका हैनन् । यस्ता पात्रको खोजी र तिनको परिचालन बढाउनु अति नै जरुरी छ । असल पात्रहरूलाई अभियानमा स्रोत व्यक्तिको रूपमा परिचालन गर्न सकिन्छ ।

९ सुकुम्बासीले परिचय पत्र पाए, अव यसपछि के त भन्ने विषयमा गृहकार्य आवश्यक छ । यस सम्बन्धमा जिल्लागत चासो त छ तर उनीहरूको बुझाईमा समस्या छ । किनकी शक्ति त जिल्ला मञ्चसँग छ । अपेक्षा अरूबाट गरिएको छ ।

१० सामुदायिक भूमिसुधारको पक्ष कमजोर भयो । यसमा आलोचनात्मक छलफल गर्न आवश्यक छ । यसका कारण पत्ता लगाऔं । शव्द लोभलाग्दो भयो तर प्रयास लोभलाग्दो भएन । भूमिसुधारका विषयमा सामुदायिक ज्ञान निर्माणको काम समेत कमजोर भयो ।

११ गरेको कुरा धेरै आयो । के गर्न सकेनौं भन्ने पक्ष आउन सकेन । के विगारीयो आउन सकेन । टार्जेट कति थियो ? कति भयो भन्ने बोध गरिएन । विस्थापन हुनबाट जोगाईयो भन्ने आयो तर विस्थापन हुनबाट कतिलाई जोगाउन सकिएन ? यो वर्ष के कति बेदखलीमा परे भन्ने बहसमा आउन पुगेन ।

१२ अनुगमन तथा मुल्याङ्कन कमजोर भयो । यसमा पनि सहभागीमूलक अनुगमन तथा मुल्याङ्कन प्रक्रियालाई कसरी आत्मसाथ गर्ने र पुरै आन्दोलनमा उपयोगमा ल्याउने भन्ने विषयमा चिन्तन गर्नु आवश्यक छ ।

१३ समग्रमा जतासुकै कामको संख्या बढि भएको देखिन्छ । आगामी दिनमा नगरी नहुने कामलाई मात्र योजनामा समावेश गर्नुपर्छ र यस्तो कामको नतिजामा बढि गृहकार्य काम शुरूगर्नु पहिले नै हुन आवश्यक छ ।

१४ प्रत्येक व्यक्तिको विवरण नभई जग्गा प्राप्तिको संख्यालाई वार्षिक प्रतिवेदनमा उल्लेख गर्न सकिदैंन । यो त सरकारी उपलब्धीलाई हामीले देखाएको जस्तो हुन्छ । जस्तै ७ नम्बरको गाउँब्लकको जग्गा । सुकुम्वासी परिचय पत्र पाएको पनि मञ्च तहमै भएपनि स्रोत खुल्नुपर्छ ।

१५ सबै गाउँ मञ्चको आन्दोलन कोष राख्ने, सबै जिल्ला मञ्चले आन्दोलन कोष राख्ने, सबैले बैठक नियमित गर्ने, सदस्यता लिने र नविकरण गर्न अनिवार्य हुनुपर्दछ । गाउँ मञ्चको विवरणमा पनि यस्तो मञ्चलाई मात्र समावेश गर्नुपर्दछ । यि लगायतका केही पक्ष थप भएकालाई मात्र गणनामा ल्याउन सके शक्तिको सही विश्लेषण गर्न मद्दत पुग्दछ ।

१६ बाँझो जग्गाको उपयोग क्षेत्रफलका हिसावले बढेको देखिए पनि त्यो कस्तो जग्गा हो ? कति वर्षलाई कस्तो सम्झौताबाट लिईएको हो ? र त्यसको लगानी र फाईदा के कस्तो छ भनेर अध्ययन गर्न आवश्यक छ ।

१७ असल अभ्यासहरू फैलाउन सकिएको छैन । असल अभ्यासलाई अझै गहिराउन र फैलाउन आवश्यक छ । आगामी दिनमा योजना बनाउँदा पनि त्यस्ता राम्रा अभ्यासलाई फैलाउनमा जोड दिनुपर्दछ ।

## मुख्य उपलब्धीहरू

- सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहकार्यमा राष्ट्रिय भूमि नीतिको मस्यौदा तयार भएको छ । मस्यौदामा भूमि अधिकार आन्दोलनले उठाएका अधिकांश सवाल समेटिएको छ ।
- सरकारले कमैया श्रम निषेध ऐन बमोजिम नै हरूवा मुक्त भईसकेकाले हरूवा बसेवापत लिएको ऋण तिर्नु नपर्ने सूचना प्रशारण/प्रकाशन गरेको छ ।
- कृषि विकास रणनीतिमा भूमि सुधारको मुद्दालाई यथोचित ढङ्गले सम्बोधन गरिएको छ । यसका लागि संस्थाले निरन्तर वकालत गरेको थियो ।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको वैकल्पिक प्रतिवेदनमा भूमिसँग सम्बन्धित मुद्दालाई प्रमुखताका साथ उठाउने प्रयास भएको छ । केसहरू लिईएको छ ।
- कृषि भूमिको गैरकृषिकरण र भूमि कव्जा विषयमा विस्तृत अध्ययन भई प्रतिवेदन तयार भएको छ ।
- महिला किसान सम्मेलन गरी महिला अधिकारको सवाललाई निरन्तर बहसमा ल्याईएको छ ।

- भूमि अधिकारको आन्दोलन कार्यरत अगुवा र कार्यकर्ताको क्षमता अभिवृद्धिमा निरन्तर मद्दत गरिएको छ । सवाल पहिचान, सङ्गठन निर्माण, विस्तार तथा अधिकार दावी गर्नसक्ने मानव स्रोत तयार भएको छ ।
- सांङ्गठनिक संरचनाहरूको जस्तै राष्ट्रिय मञ्च, जिल्ला मञ्च आदि बलियो बनाउन मद्दत गरिएका छन् । यसबाट सङ्गठनको संस्थागत पक्ष बलियो हुदैंछ । जस्तो : सदस्यता ।
- भूमि अधिकारका सवाललाई पाठक पत्र र लेखका माध्यमबाट निरन्तर बहसमा ल्याईएको छ । साथै प्रकाशनका माध्यमबाट आन्दोलनलाई सिञ्चित गर्न मद्दत गरेको छ ।
- आन्दोलनमा आवश्यक स्रोतको व्यवस्थापन सचेततापूर्वक भईरहेको छ । यसले भूमि अधिकार आन्दोलनलाई प्रभावकारी रुपमा सञ्चालन हुन मद्दत गरेको छ
- भूमि अधिकार मञ्चका अभियानमा सङ्गठित भूमि अधिकारबाट बन्चित २९४५ घरपरिवार किसानले जोतभोगको प्रमाणपत्र पाएका छन् ।

**गाउँ मञ्च र सदस्यता विवरण**

| स्रोत केन्द्र/संस्था | गाउँ मञ्च | | सदस्यता वितरण र नविकरण | | |
|---|---|---|---|---|---|
| | अघिल्लो वर्ष सम्मको | यस वर्ष मात्र बनेको | वितरण | नविकरण | नविकरण प्रतिशत |
| स्रोत केन्द्र १ | २४२ | ५५ | ५५६८ | ३२२६ | ५७ % |
| स्रोत संस्था २ | २६३ | ३० | ६१०६ | ३१७९ | ५२ % |
| स्रोत संस्था ३ | २०८ | ९ | ६२५६ | ३५० | ५ % |
| स्रोत केन्द्र ४ | ३३० | ३६ | १५३७ | १२२८ | ७९ % |
| स्रोत केन्द्र ५ | १२८ | २९ | १५७७ | ६७५ | ४२.८० % |
| स्रोत केन्द्र ६ | ४५२ | ५६ | ८६५० | २०७१ | २३ % |
| स्रोत संस्था ७ | ३८७ | ३७ | ४५५६१ | १७५३ | ३८.४३ % |
| स्रोत संस्था ८ | १९१ | १३ | ३८०८ | १०४१ | २७ % |
| स्रोत केन्द्र ९ | ६८ | १८ | ४०९ | ० | ० |
| **जम्मा** | **२२६९** | **२८३** | ३८४७२ | १३५२३ | ३५.१३ % |

*(यसमा कपिलवस्तु, पर्सा, कास्की, स्याङ्जा र चितवन जिल्लाको समेटीएको छैन ।)*

**संयुक्त पूर्जा निर्माण**

| स्रोत केन्द्र/संस्था | संयक्त पूर्जा बनाउने जोडी | क्षेत्रफल (हेक्टरमा) |
|---|---|---|
| स्रोत केन्द १ | ४९ | ९ |
| स्रोत संस्था २ | १७ | ३ |
| स्रोत संस्था ३ | १८ | ३ |
| स्रोत केन्द ४ | २१ | ३ |
| स्रोत केन्द ५ | १२९ | ३०.२३ |
| स्रोत केन्द ६ | ११९ | १३.५ |
| स्रोत संस्था ७ | १७ | ६.२३ |

| | | |
|---|---|---|
| स्रोत संस्था ८ | ४१ | ४.९३ |
| स्रोत केन्द ९ | ५४ | ३८.९ |
| जम्मा | ४६५ | १११.७९ |

### बाँझो जग्गाको उपयोग

| स्रोत केन्द्र/संस्था | परिवार संख्या | क्षेत्रफल (विघामा) |
|---|---|---|
| स्रोत केन्द १ | १२६ | २१.१० |
| स्रोत संस्था २ | ० | ० |
| स्रोत संस्था ३ | ९२ | २३ |
| स्रोत केन्द ४ | ४३ | १५ |
| स्रोत केन्द ५ | ० | ० |
| स्रोत केन्द ६ | ३३३ | ३३.१० |
| स्रोत संस्था ७ | १३० | १८.१७ |
| स्रोत संस्था ८ | २ | १.१० |
| स्रोत केन्द ९ | १४ | ३ |
| जम्मा | ७४१ | १४७.४७ |

### आन्दोलन कोषको अवस्था

| स्रोत केन्द्र/संस्था | गाउँ मञ्च | जिल्ला मञ्च |
|---|---|---|
| स्रोत केन्द १ | २६५५४१ | ४८८४० |
| स्रोत संस्था २ | २३६६३६ | ९१५७८ |
| स्रोत संस्था ३ | १५०६३७ | ७१२९० |
| स्रोत केन्द ४ | ११५४८० | ७४८०१ |
| स्रोत केन्द ५ | २८४५७३ | १५५४२५ |
| स्रोत केन्द ६ | ५०१२३८ | १८७५५७ |
| स्रोत संस्था ७ | ८३५५० | ० |
| स्रोत संस्था ८ | ७७८१५ | ० |
| स्रोत केन्द ९ | २७२५७ | २०४० |
| जम्मा | १७४२७२७ | ६३१५३१ |

### जग्गामा हक प्राप्ती

| स्रोत केन्द्र/संस्था | परिवार संख्या | क्षेत्रफल (हेक्टर) |
|---|---|---|
| स्रोत केन्द १ | ० | ० |
| स्रोत संस्था २ | ४७ | ११-१५-१५ |
| स्रोत संस्था ३ | ० | |
| स्रोत केन्द ४ | ३४ | १.११ |
| स्रोत केन्द ५ | १७२ | ९५६-१०-२-२ |
| स्रोत केन्द ६ | ५९ | ३-१८-१८-१ |

| | | |
|---|---|---|
| स्रोत संस्था ७ | १०९७ | |
| स्रोत संस्था ८ | १५ | ०-१४-१८ |
| स्रोत केन्द ९ | ० | ० |
| जम्मा | १४२४ | ७४ हे. |

**सिकाईहरू**

- सही माग र व्यवस्थित अभियानले सरोकारवाला पक्षसँग सम्बन्ध विग्रने हैन झनै बढेर जान्छ । कञ्चनपुरमा सुकुम्वासी आयोगलाई दवाव दिन अभियान थालेपछि आयोग र मञ्चबीच सहकार्य बढेको थियो भने कैलालीमा छलफलबाटै समस्या समाधान गर्न खोज्दा प्रभाव पर्न सकेन ।
- स्थानीय सवालमा, स्थानीय स्रोत परिचालनबाट हुने अभियानहरू बढी प्रभावकारी हुने रहेछन । बैतडीमा भएको हलिया भेला र कञ्चनपुरमा भएको हैरानी अभियानमा स्थानीय स्रोत परिचालन र सवाल बुझाउन बढी प्रयास भएकाले सजिलो भयो ।
- कुनै पनि सङ्गठनसँग सवालगत सहकार्य गर्दा आफ्नो शक्ति र सहकार्य गर्ने निकायको स्वार्थ अनिवार्य नक्शाङ्कन र विश्लेषण हुनुपर्छ । शक्तिका हिसाबले आफ्ना विचार कार्यक्रम पनि लागु गर्न सक्ने हुदाँ मात्र सहकार्य गर्नुपर्दछ ।
- जोतभोगको प्रमाणपत्र दिन आनाकानी गरेका गाविसस्तरका नेताहरूसँग सञ्चारकर्मीले यसमा तपाईको धारणा के छ भनेर सोध्दा उनीहरूले विरोधमा बोल्न सकेनन् । पछि त्यही बोलेको विषय पनि प्रमाणपत्र पाउने निर्णय गर्न सहयोगी बन्यो । कुनैपनि अभियानमा निरन्तरण लागि रहेमा सफलता प्राप्त गर्न सकिन्छ गोवरडिहा गाविसमा बसोवास तथा जोतभोग आधार प्रमाणपत्र वितरण गराउन ३ वर्षमा सफल भईयो ।
- समुदायमा भूमि अधिकारबाट बञ्चितले भोगेको समस्या मिडियाबाट बाहिर आउँदा उनीहरू भूमि अधिकार अभियानमा उत्साहीत र सक्रिय हुदाँ रहेछन् । त्यसैले पीडितले भोगिरहेको समस्यालाई मिडियाकरण व्यापक गर्नु पर्ने रहेछ ।
- सवाल केन्द्रित आन्दोलन गर्दा उपलब्धी छिटो लिन सकियो । सवालसँग सम्बन्धित नीति र कानूनको विश्लेषण, मुद्दालाई राजनीतिक दल र पीडित तथा अन्य सरोकारवाला पक्षसँग छलफल, अन्तर्क्रिया गरेमा मात्र छिटो टुङ्गोमा पुर्‍याउन सकियो । यसका लागि सचेत अगूवा, अभियानकर्ता र सङ्गठन चाहिन्छ ।
- अभियानका कार्यक्रममा अतिथी छनौट गर्दा सकेसम्म बिषयगत निकाय र स्थानीय व्यक्तिलाई प्राथामिकता दिंदा सहयोग लिन सहज हुने रहेछ । व्यक्ति, संस्था, राजनीतिक दलहरूसँग नियमित भेटघाट र सम्वादलाई पनि उत्तिकै महत्व दिनुपर्दछ । *(रसुवाको भूमि घर उद्घाटनमा स्थानीय विकास अधिकारी र प्रमुख जिल्ला अधिकारी आमन्त्रण गरियो । जिविसबाट भूमि घरको ऋण तिर्न सहयोग प्राप्त गर्न सकियो ।)*
- सङ्गठनमा मुठ्ठी बचाउँ अभियानको थालनी गर्दा सङ्गठनकै आपतकालिन अवस्थामा सहयोग पुग्ने रहेछ । जसले कुनै आन्दोलन अभियानमा जाँदा घरका बालबच्चा, वृद्धबद्धालाई समस्या परेमा सोही अन्न प्रयोग गरी काम चलाउन सजिलो भएको छ ।

- भूमि सभा लगायतका राष्ट्रिय कार्यक्रम गर्दा सबै गाउँ मञ्चमा उर्जा थपेको छ र निष्क्रिय गाउँ मञ्चलाई सक्रिय बनाउन सहयोग मिलेको छ ।
- सरोकारवाला, राजनीतिक दलका प्रतिनिधिहरूसँग छलफल गर्दा कानूनी कुराका बूँदाहरू जोडेर गर्दा प्रभावकारी हुने रहेछ ।
- भूमि अधिकार अभियानमा सबैलाई एकै आँखाले हेर्दा दलिय रूपमा छलफल एवंम् सम्वाद कार्यक्रमलाई निष्पक्ष रूपमा गरियो भने आन्दोलन प्रतिको सहयोग प्राप्त गर्न सकिदो रहेछ, सुनसरीको सम्वाद कार्यक्रमले दलित, भूमिहीनहरूलाई सरकारी सेवा शुल्कमा ५० प्रतिशत छुट हुन थाल्यो । पर्वत दुलाङ्गका दलित परिवारले १ रोपनीका दरले जग्गा पाए । दाङ्गमा बसोबास आधारपत्र ९०० जनाले प्राप्त गरे ।
- अधिकारबाट बञ्चितहरूले एकै दिन, एउटै समस्या एकै समयमा एउटै प्रश्न जिम्मेवार निकायहरूलाई बारम्बार टेलिफोन मार्फत सम्पर्क गरी विना उपस्थिती जिम्मेवार पद धारण गरेकालाई जवाफदेही बनाउन सकिदो रहेछ । (जस्तै फोन हैरानी अभियान अर्न्तगत सुकुम्बासी आयोगलाई दबाव दिदा परिचय पत्र बाड्न सुरू गर्नु । )

**चूनौतीहरू**

- काम सम्पन्न नभई तोकिएको अवधी भन्दा अघि नै सुकुम्बासी आयोगको खोरजी हुनु ।
- बस्ति उठिबास नरोकिएको, उठिबास हने खतरा बढेर गएको । समुदायमा द्वन्द बढेर गएको ।
- अधिँयामा कमाउने किसानले बाली बुझाएको भरपाई माग्दा जग्गाधनीले जोतीरहेको जग्गाबाट किसानलाई बेदखल गर्ने कार्य बढेको छ ।
- सरकार र राजनीतिक दलहरू भूमि अधिकारबाट बञ्चितहरूको समस्या प्रति सम्वेदनशिल नहुनु ।
- भूमि सुधारको मुद्दा राजनीतिक दलहरूको साझा मुद्दा हुन नसक्नु । भूमिसुधार गर्ने विषयमा एउटा दलले अर्को दललाई दोषारोपण गर्नु उनीहरू यस विषयमा गम्भीर नहुनु ।
- नेपाल सरकारले भूमि सम्बन्धी समस्या समाधान गर्न भू-उपयोग नीति, कृषी रणनीति निर्माण, विभिन्न भूमि आयोगहरू स्थापना गरी प्रतिवेदन प्रकाशन गरेतापनि ती नीति तथा नीतिमा टेकेर बनेका योजना तथा कार्ययोजनाहरू कार्यान्वयनमा नजानु ।
- नेपाल सरकारका वन तथा भूसंरक्षण मन्त्रालय, कृषि मन्त्रालय, भूमि सुधार तथा व्यवस्था मन्त्रालय र कानुन मन्त्रालयले लागू गरेका नीति तथा योजनाहरू एक आपसका मेल नखादा भूमि अधिकारबाट बञ्चितहरू ठूलो समस्यामा पर्नु । वनमा जाँदा भूमि सुधारको मुद्दा हो, भूमि सुधारमा जादा वनको सवाल हो भनी पन्छाइन्छ ।

**पहिलो दिन, २५ असार, (सुरूवात बिहान, ७:३०)**

बार्षिक सहभागीमूलक समीक्षा तथा मनन् प्रक्रियामा, राष्ट्रिय भूमि अधिकार मञ्च, स्रोत केन्द्र तथा संस्थाका संयोजक, अभियानकर्मी र अगुवा लगायतलाई आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत बस्नेतले स्वागत गर्नुभयो । साथै उहाँले, समीक्षा भनेको कामको प्रतिबिम्व हो । यो सिङ्गो अभियान र अभियानमा लाग्नेको पनि मुल्याङ्कन हो । कृषि तथा भूमि अधिकार आन्दोलनको ५ वर्ष (सन् २००९-२०१३) को रणनीति सकिएको छ । अवको आन्दोलन नयाँ रणनीति अनुसार अघि बढ्छ । बाहिरी आर्थिक स्रोत नहुँदाखेरी पनि आन्दोलनलाई बलियो बनाएर कसरी लान सकिन्छ भन्ने विषयमा पनि यस समीक्षामा छलफल हुने बताउँनुभयो ।

यसपछि वित्त तथा प्रशासन अधिकृत गिता पण्डितले समीक्षाको बजेट तथा व्यवस्थापनको विषयमा जानकारी गराउँनुभयो । र सहभागीको परिचयका लागि अनुरोध गर्नुभयो ।

त्यसपछि अनुगमन तथा मुल्याङ्कन अधिकृत ज्योती बैद्यले अघिल्लो समीक्षामा छलफल भएका विषयहरूमा पुनःस्मरण गराउँनुभयो । अघिल्लो अर्धबार्षिक समीक्षा २५-२७ पुस, २०६९ मा भएको थियो । नक्सा कोर्ने सहभागीमूलक रूपमा उपलव्धी समीक्षा भएको थियो । अभ्यासद्धारा सिकाईहरू निकालेका थियौं र योजना बनाउँदा मसिनोसँग छलफल गरी निष्कर्षमा पुऱ्याउनुपर्ने विषयमा मनन् भएको थियो ।

**वार्षिक समीक्षाको प्रक्रिया र उद्देश्य -जगत देउजा, कार्यक्रम व्यवस्थापक**

***'पानी आउने इनार खनौं'***

यसपाली पश्चिम नेपालमा बढि वर्षा भयो र नसोचेको नोक्सानी पनि । यही विपत्ती बोकेर आएको वर्षातसँगै खेतीपाती पनि शुरू भईसकेको छ । समीक्षामा भाग लिने क्रममा असार १६ गते डोटीको बुडरमा जाँदा बाटोको वरीपरीका खेतमा किसानहरू काममा व्यस्त देखिए । सडकमा गाडीको चाप कम थियो र जति गाडी थिए तिनमा पनि यात्री खासै थिएनन् ।

समयभन्दा चाँडै उचित खानपान र आरामको अभावमा बुढो भएको मान्छे जस्तै चालकको लार्पवाही र उचित मर्मत नपाएर खुईलेको विरामी माईक्रो चढेर भासुको भिर काट्न यस पटक साह्रै गाह्रो भयो । पानी परिरहेको थियो । ढुंगा छल्दै चिप्लो बाटोमा जरोले थलिएको माईक्रो मुस्किकलले भिर कट्यो । कटेर पनि कहाँ डर हराउनुर...कुईरोले पुरै बाटो अन्धकार जस्तै थियो ।

यस्तो वर्षातमा हामी भूमि अधिकार आन्दोलनको समीक्षामा देशभर जुटिरहेका थियौं । आफैलाई प्रश्न गर्न मन लाग्यो । के दिन्छ समीक्षाले ? जहाँ किसान आफ्नो काम छाडेर कष्ट उठाउँदै आएका हुन्छन् । अझ यसपाली त अलि बढि नै सहभागी डाकिएका थिए । सोचैं-कसरी प्रभावकारी बनाउने ? विगतमा भएका समीक्षाको फ्लासव्याक भयो । वरीपरी सहभागी बसेको । ठुला ठुला न्यूजप्रिन्टमा टाँसिएका अक्षरको थुप्रो वा खात लगाएर राखिएका पावर प्वाईन्टको प्रस्तुती । धेरै समीक्षामा उही प्रश्न र उत्तर दोहोरिएका छन् फरक-फरक भावभङ्गीमा । ताली पड्कायो त्यो पनि सहजकर्ताले ताली दिउँ जोड्ले भनेपछि । तालि त प्रस्तुती सुनेपछि त्यँहा भएका उपलव्धी र रचनात्मक कामले सहभागीलाई तरङ्गित बनाएपछि स्वतः मनैदेखि आउनुपर्ने प्रतिक्रिया पो हो त ..तर यहाँ त जोड्ले फेरी ताली पडकाउँ भन्नुपर्छ कस्तो विडम्बना !

बाटोभरी आफैंलाई प्रश्न गर्दै गँए । के हो समीक्षा ? के चिन्तन गऱ्यौं हामीले ? अनि के मनन् गऱ्यौ आजसम्म ?

यो असारसम्म आईपुग्दा हामी ठुलै बिसौनीमा आईपुगेका छौ । पछिल्लो ५ वर्षे सहकार्य बिसाउने चौतारीमा । खुसी हुनैपर्छ-यात्रा पुरा भयो । टुङ्गिएन । हिँडाई कठिन थियो तर दिकदार लाग्दो भएन । कामै कामको बाटो काटेर हामी बिसौनीमा आईपुग्यौं । केही अप्रिय घटना व्यहोर्दे, केही तितामिठा अनुभव सँगाल्दै यात्रा पुरा भयो । उल्का गरियो भनेर उफ्रिने केही गरेका छैनौं । केही भएन भनेर घोसे मुन्टो लगाउनु पर्नेगरी बिराएका पनि छैनौं । पाईलो अगाडि नै बढेको छ । पछि फर्केको छैन ।

हाम्रो मुटु सधैं चलिरहेको छ तर काममा व्यस्त भएको बेला वा आरामले शान्त भएर अनुभव नगरेसम्म मुटु चलेको थाहा हुन्न । हो समीक्षा कामै कामको भिडमा एकछिन शान्त भएर धडकन छाम्ने मौका हो र आगामी दिनमा के कसरी कुन रफ्तारमा हिँड्ने हो भनेर विचार गर्ने फुर्सद पनि । यो आफ्नो कामप्रति आफैं घोत्लिने र सिर्जनात्मक सोच अभ्यासमा ल्याउने शुरूवात पनि हो ।

योजना बनाउने बेला र त्यसको कार्यान्वयन गर्ने वखत चिन्तन मनन् नगर्ने र मनन् गरेका विषयलाई अभ्यासमा नउतार्ने हो भने समीक्षामा मात्र चिन्तन मनन् गरेर हुदैंन । यो त पल पलको नियमित प्रक्रिया पो हो । जुन चिन्तन मनन् भूमि अधिकार आन्दोलनको मात्र हैन । तपाई हाम्रो जिन्दगीको पनि सँगैसँगै हुन आवश्यक छ । यसलाई अलग्याएर चिन्तन मनन् गरियो भने यो एउटा कर्मकाण्डी हुनेछ ।

राष्ट्रिय समीक्षामा आईपुग्दा झण्डै ३ सय बीच छलफल भईसकेको छ र हामी त्यँहाबाट आएको उत्पादनलाई अझै प्रशोधन गर्दैछौं । फूल हेर्ने मन पर्नेले फूलको विरूवालाई ठिक ढङ्गले मलजल गर्न सक्नुपर्छ । फूलको विरूवा मात्र लिएर कोक्किएर बसेर हुदैंन । यस अर्थमा प्रक्रिया महत्वपूर्ण हुन्छ । तर यो राष्ट्रिय समीक्षा हो । यसर्थ यहाँ प्रक्रिया हैन । उपलव्धी हेर्ने हो । फल हेर्ने हो । फूल हेर्ने हो । हरेकको प्रस्तुतीमा प्रक्रिया यो गऱ्यौं र यसो गऱ्यौं हैन यो भयो भनेर आउनुपर्छ । अनुरोध छ । विनम्र अनुरोध छ । प्रक्रिया आफैं राख्नुहोस् र उपलव्धी मात्र समीक्षाको छलफलमा ल्याउनुहोस् । सबै कुरा मिसाएर ल्याईदिनु भयो भने समीक्षा हुदैंन । अलमल हुन्छ । गोलमाल हुन्छ । खोजेको सारङ्गी हैन । मिठो धुन हो ।

यो समीक्षामा हरेकले आफुलाई प्रश्न गर्नुपर्छ । अरूलाई मात्र प्रश्न तेर्साएर धित मार्ने हैन । ईनारबाट पानी निकाल्ने हो भने पहिले त ठाउँ छनौट नै उचित गर्न सक्नुपर्छ । त्यसपछि पानी नभेटिन्जेल निरन्तर खनि नै रहनुपर्छ । २, ३ मिटर खनेर पानी निकाल्न सकिदैंन । यस्ता खाड्ल जति नै खनौं । उद्देश्य पुरा हुदैंन ।

यो समीक्षाले तिर्खा जगाउनुपर्छ । आफैले आफैंलाई प्रश्न गर्ने र उत्तर खोज्ने तिर्सना । शव्दले, प्रश्नले, प्रस्तुतीले हामीलाई गहिरो क्रन्दन दिनुपर्छ । 'समीक्षामा प्रस्तुतीमा प्रश्न गरेर धित मार्ने भन्दा हामी आफैले आफैलाई प्रश्न गरेर अघि बढ्नुपर्छ ।'

यो समीक्षामा हामी हलुका भएर, वायस नभईकन, आफ्नो समयको पनि मुल्याकंन गरौं । जे हो यथार्थ बोलौं । र त्यसमा टेकेर अवको बाटो बनाऔं । जुन बाटो बढि तथ्यपरक होस् ।

सुकरातले भनेका थिए-'मलाई एउटै कुरा थाहा छ, त्यो हो मलाई केही पनि थाहा छैन ।' हो जानेर सकिदैंन तर न्यूनतम बाँच्नका लागि पनि सिक्नु धेरै छ । जान्नु धेरै छ । गर्नु धेरै छ ।

बाटाहरूमा चौतारी छन् थाकियो भने त्यँही विश्राम लिन सक्छौ. । अघि बढ्नका लागि आवश्यक रणनीति बनाउन सक्छौं । बाटामा भूलहरू पर्खिबसेको थाहा पाईयो भने उल्टो फर्किन सक्छौं । नफर्कीकनै नयाँ बाटो

पहिल्याउन पनि सक्छौं । हामी पुग्न चाहान्छौं कँही । नहिँडे कहिँ पुग्न सकिदैंन । हो त्यही स्थितीमा हामी समीक्षामा बसिरहेका छौं । समीक्षालाई प्रेम गरौं ।

**पात्रहरूको स्मरण**

आफ्नो जीवनमा प्रभाव पारेको कुनै पात्र सम्भmने र स्केच गर्ने (मेटा कार्डमा लेख्ने) र दुःखको कथा सुनाउने क्रममा समीक्षामा सहभागी स्रोत संस्था/केन्द्र र राष्ट्रिय भूमि अधिकार मञ्चले यस प्रकार प्रस्तुत गरेका थिए ।

१ कञ्चनपुरको झलारी गाविसकी माखी रावत खोलाकिनारमा बस्छीन् । दाउरा बेचेर परिवार पाल्छिन् । धेरै पटक बाढीले दुःख दियो । बाढिपीडित भएको बेला रेडक्रसले राहत दिंदा पनि सार्वजनिक जग्गामा बस्नेलाई किन राहत दिएको भनेर जिविसले रेडक्रसलाई स्पष्टिकरण सोधेको दुःख सम्झदै उनी रोइन । मतदाता नामावलीमा नाम लेखाउन जाँदापनि फर्काइयो । गाउँमा अरूलाई झुल वितरण गर्दा उनलाई दिइएन् ।

२ बाँके जिल्ला इन्द्रपुर गाविस-६ का दुखी खटिकको ६ जनाको परिवार थियो । सुरक्षित घर नभएकोले राती सुतेको अवस्थामा परिवारको तीन जनालाई एउटै साँपले टोक्यो । अस्पताल ६ किलोमिटर टाढा थियो । तर भाडा नभएका कारण तिनै सदस्यको मृत्यु भयो । उनी अहिले दुःखीत जीवन विताइरहेका छन् । सुकुम्बासी छन् ।

३ दाङ तुलसिपुर नगरपालिकाकी कवाँरी विक ऐलानी जग्गामा २०५५ सालदेखी नै बस्दै आउनुभएको छ । ऐलानीमा बसेपनि त्यहाँ जमिनदार तथा व्यापारी जयसवाल गुप्ताले उनको परिवारलाई उठिबास गर्न खोज्दा उनि विलाप गर्दै मञ्चमा आएकी थिइन् । श्रीमान् क्यान्सर रोगले थलिएकाछन् । एक दिन ज्यालामजदुरी गर्न सकिनन् भने परिवारको पेट भोकै रहन्छ । त्यस्तो अवस्थामा पनि उनको घर भत्काउन खोजियो ।

४ रूपन्देही जिल्लाको मानमतेरीया गाविसका रामसुमेर भरको परिवार २०२१ सालदेखि ऐलानी जग्गामा जोतभोग गरि बस्दै आएका थिए । तर उनी बस्दै र जोतभोग गर्दै आएको जमिनमा गाउँका केही व्यक्तिले मन्दिर बनाई दिए । उनको घरबास उठिबासको लागि दबाब दिई रहेका छन् । पछि सोही जग्गामा खेती गर्न पाउनुपर्छ भन्दा उनी र उनको परिवारमा कुटपिट भयो । अहिले जिल्ला अदालतमा मुद्दा चलिरहेको छ ।

५ नुवाकोटको तादी गाविसका सबै सुकुम्बासी परिवारका सदस्यहरू नजिकैको तादी खोलामा गिट्टी कुटेर जीविका चलाउँदै आएका छन् । बालबालिकाहरू खाना खान नपाएर विद्यालय गएका छैनन् । गिट्टी कुटे पनि समयमै ठेकेदारले पैसा नदिएपछि त्यहाँको परिवारको भोकै बस्नुपर्ने रहेछ । सोही बस्तिका कसैको परिवारमा केही चामल भयो भने बाँडेर जीविका चलाउँदा रहेछन् । उनीहरू श्रम गरिरहेका छन्, गिट्टी कुटीरहेका छन् तर खान नपाएको अवस्था छ ।

६ सर्लाही परवानीपुरमा बस्ने सबै सुकुम्बासी छन् । ती मध्ये शान्तामाया बस्नेतको कुरा निकै दुखदायी छ । २०६९ चैत्र २२ मा सबैको घरमा भएको खानेकुरा सकियो । उनीहरू सधैंको छाकमा मुठी सङ्कलन गरि राख्ने गर्थे । २२ गते सबैको घरमा खान सकिएकाले खान नै नपाएपछि त्यो मुठि सङ्कलनको अन्न नै खान पर्‍यो । शान्तामायाको त्यो दिन त टर्‍यो तर पछि के खान्छन् होला भन्ने

लागिरह्यो । प्रत्येक छाकको हिसाव गरेर खान पऱ्यो । पीडा छ । अभाव छ । चरम गरिबीको पीडा छ । जसले मन पोलिरहन्छ । हिजो जसले उनीहरूको बस्ती बसाएको थियो । आज तिनैले उठाउन खोजिरहेका छन् ।

७ मोरङ, बबियाविर्ता-३ का राजन मुल्मी अहिले ७० वर्षका भए । उनी मोही हुन । २०५३ सालमा उनलाई बेदखल गरियो । सन्थाल आदिवासी मुल्मीले जग्गा जोतीरहेपनि मोही बेदखल भएको २०६५ सालमा मात्र थाहा भयो । त्यसपछि उनले भूमि सुधार कार्यालयमा मोही हकको लागि मुद्दा दायर गरे । तर साहूले उल्टै जग्गा किचलोको मुद्दा हालिदिए । उनले मोही बेदखली विरूद्दको मुद्दा हारे र जग्गा किचलोको मुद्दामा पनि तारेक धाइरहनुपरेको छ । २०६९ सालमा आएर त उनलाई जग्गा जोत्नबाट पनि बन्चित गरियो । पुनः जग्गा जोत्न खोज्दा साहुले चौकीमा थुनायो ।

८ रामेछाप जिल्लाको सुकाजोर गाविसका जनकलाल श्रेष्ठको दुःख र मिहेनत देखेर मेरा मन छोएको छ । उनी कान पनि राम्रोसँग सुन्दैनन् । साहुको जग्गा कमाउँछन । घरबाहेक जमिनको कुनै स्वामित्व छैन । तर उनले जोतीरहेको जग्गामा यस पटकको बैशाखमा उनकै दाजुभाई आएर साहुको हौसावटमा लागेर जोतिरहेको गोरू नै फुकाईदिए । त्यतीबेला उनले गाउँका सबैलाई गुहार गरे सहयोग गर्न माग गरे तर कसैले सहयोग गरेनन् ।

९ बर्दिया जिल्लाको ७२ वर्षिय बिरबहादुर थापामगरको जग्गा पाउने आशैआशमा बित्न लागेको जीवनको व्यथा कहालीलाग्दो छ । जीवनमा अनेन सुकुम्बासी आयोग बनेको देखेर आश्वासन पनि पाएको तर त्यसले केही नदिएपछि दुःखी छन् उनी ।

**जो आन्दोलनमा लागेर खुसी भएको छ र केही परिर्वनत पनि आएको छ ।**

१ रसुवा जिल्ला धैबुङ ९ की पुतली तामाङ । उनको सानै उमरेमा विवाह भयो । भएको जग्गा विर्ता थियो । त्यसले खान पनि नपुग्ने । जव उनी सङ्गठनमा लागेर अधिकारका कुरा बुझ्न थालीन तव उनमा धेरै परिर्वतन आयो । उनी भूमि आन्दोलनको फूल बनिन् । गाउँ मञ्च हुँदै जिल्ला र केन्द्रीय मञ्चको सदस्य बनिन् । विर्ता जग्गाको पूर्जा पनि पाइन् । उनी आफू बसीरहेको घरघडेरी समेत छुट दर्तामा परेको थियो त्यो समेत दर्ता गरेर पूर्जा लिन सफल भइन् । परिवारमा हिंसा हुँदैन । एक छोरी नेपाल प्रहरीमा छिन् भने अर्के एक छोरी प्राविधिक शिक्षा पढ्दैछिन र एक छोरी गाउँकै विद्यालयमा पढाउँछिन । उनी गाउँ देखि राष्ट्रिय तह सम्म हुने हरेक आन्दोलन र अभियानहरूमा सक्रिय छिन् ।

२ रामेछाप सुकाजोर-१ का रामबहादुर हायु मोही किसान हुन् । उहाँ गाउँ भूमि अधिकार मञ्चको अध्यक्ष चुनिनुभयो । यस गाउँमा मञ्च बनेपछि एक मोहीलाई जग्गधनीले बेदखली गऱ्यो । बीचमा धेरै छलफल भयो । पछि रामबहादुरकै अगुवाईमा बेदखल गरेकै मोहीले खेती शुरू गरेका छन् । अहिले त अरू मोहीलाई पनि जग्गाको अधिकार दिलाउनुपर्छ, नभए खोस्नुपर्छ भनी उनी सक्रिय रूपमा लाग्न थालेका छन् । एक्लैले काम गर्न नसकिने रहेछ सङ्ठनको बल ठुलो हुने रहेछ भनी बुझेका छन् ।

३ सुनसरीकी भिमकुमारी मगर, आफ्नो गाउँलाई फेर्न आफै लागि परेकी छिन् । गाउँ मञ्चमा मात्र रहेकी उनी अहिले सहकारी र जिल्ला मञ्चमा पनि कोषाध्यक्ष नै छिन् । जीविकाको लागि १९ धुर ऐलानी जग्गा मध्ये १० धुर जग्गामा सुँगुर पालेका छिन् । जसले उनको परिवार राम्रोसँग चलेको छ । उनको सङ्घर्षले गर्दा सङ्गठनमा अरूलाई पनि प्रेरणा मिलेको छ ।

४ सप्तरी, छिन्नमस्ता गाविसमा सदाय थरका मानिसहरूको ३० परिवारको बस्ती छ । त्यहाँ आम्दानी लिन सकिने ठुलो पोखरी छन् । त्यसमध्येको एउटा पोखरी भारतीय नागरिकले उपयोग गरिरहेको

थियो । जव गाउँमा भूमि अधिकार मञ्च गठन भयो तव त्यहाँ रहेको सार्वजनिक पोखरीको पनि अधिकार सदाय बस्तीको हुनुपर्छ भनी आवाज उठ्यो । त्यसपछि त्यसको लागि आन्दोलन सुरू भयो । त्यसको अगुवाई गरे मनसुखी भूमि अधिकार मञ्चका अध्यक्ष रघुवी मण्डलले । त्यसपछि पटक-पटक गाविस, जिल्ला प्रशासन कार्यालयमा डेलिगेसन गएपछि मात्र त्यो पोखरीको हक भोगको अधिकार पाएका छन् । त्यसको जोतभोगको प्रमाणपत्र पनि गाविसबाट उनीहरूले लिन सफल भएका छन् । यहि वर्षमात्र १ लाख २० हजारको माछा बिक्रीबाट आम्दानी लिन सफल भएको छ । त्यहाँबाट आएको आम्दानीलाई सङ्गठनको आन्दोलन कोषको रूपमा पनि राख्न मण्डल सफल भएका छन् । पोखरी वरिपरि रहेको जमिनमा फलफूल खेती पनि गरिएको छ ।

५ महोत्तरी किसान-९ की गंगामाया बानियाले सङ्गठनको बलमा ४ कठ्ठा जमिनको पूर्जा लिन सफल भइन् । २० वर्षदेखि उनको श्रीमान् हरूवा बस्नुभएको थियो । सो वापत ४ कठ्ठा जग्गा पाएका थिए तर त्यसको प्रमाण नभएपछि सङ्गठनको बलमा उनले स्वामित्व पाएकी हुन् । आशा मारेको त्यो जग्गामा उनले पाएपछि खुशी भएर तरकारी खेती व्यवसायीक रूपमा गरि आम्दानी लिन थालेकी छिन् । सङ्गठनको बलमा जग्गाको स्वामित्व पाएपछि उनको परिवार धेरै खुशी भएको छ ।

६ सिन्धुपाल्चोक, राम्चे गाविसकी यसोदा रखालमगर एक सफल व्यवसायी हुन् । भूमि अधिकार अभियानबाट कमाई आएको गुठी जग्गा रैकर भएपछि उनी निकै खुसि भइन् । आफुले गुठी जग्गाको हक पाएपछि अरूले पनि भूमि अधिकार पाउनुपर्छ भनी आन्दोलनको नेतृत्व गरि हिडिरहेका छिन् । उनले आफूले सुरू गरेको तरकारी खेतीबाट बार्षिक १ लाख ५० हजार सम्म आम्दानी गर्छिन र यसबाट उनको परिवार राम्रोसँग चलेको छ । त्यसैबाट छोराछोरीको पढाई खर्च पुगेको छ भने भूमि आन्दोलनमा हिड्न पनि मद्दत भएको छ । उनले उक्त जग्गाको संयुक्त पूर्जा पनि बनाएकी छिन् ।

७ रूपेन्देही, सौफर्सािटकर-५ केवलपुर गाउँ मञ्चकी अध्यक्ष गुनेश्वरी थारू भूमि आन्दोलनको सक्रिय अगुवा हुन् । २०६४ सालदेखि भूमि अभियानमा लागेकी थारू गाउँ मञ्चका आन्दोलन कोषहरू उठाउन, आन्दोलनको नेतृत्व गर्न, गाउँव्लकमा बस्ने बस्तीको जग्गाको नापी गराउनको लागी सफल भएका छिन् । उनी गाउँमा हुने हरेक अभियानको नेतृत्व गर्न सक्षम भएकी छिन् ।

८ दाङ, लालमटिया गाविस-७ का हेमनारायण सार्की भूमि आन्दोलनका सक्रिय अगुवा हुन् । २०६२ सालदेखि नै भूमि अभियानमा सक्रिय रूपमा लागिपरेका छन् । उनी रोजगारीको लागी विदेशीए राम्रो कमाई हुन नसकि फर्किए । जीवन धान्न गाह्रे भएपछि भूमि अधिकार मञ्चको बैठकमा छलफल गरि वंगुर पालनको योजना बनाए र मञ्चकै आन्दोलन कोषको रकम ऋण लिएर उनले व्यवसायीक रूपमा वंगुर पालन गरे । हाल उनी त्यसमा सफल पनि भए र सँगै आन्दोलनमा नेतृत्व पनि गरिरहेको छन् ।

९ बर्दिया देवि भूमि अधिकार मञ्चकी माया खड्काकी सासु ८० वर्षिक सानुमाया खड्का भूमि आन्दोलनको प्रेरणा बनेकी छिन् । अरूका त सासुले बुहारीलाई घरभित्रै बस्नुपर्छ, बाहिरफेर हिड्नु हुदैन भन्ने, बुहारीको रिस गर्ने हुन्छ । तर उनी त बुहारीलाई आन्दोलनमा लाग्नुपर्छ, भूमि अधिकार लिनुपर्छ र बाहिर फेर गएर ज्ञान लिनुपर्छ भन्छिन् । बुहारी भूमि आन्दोलनमा लागेपछि मोतीपुर-३ मा ऐलानी जग्गामा बस्दै आएका उनीहरूले सुकुम्बासी परिचयपत्र पाएपछि भने झन खुशी भएकी छिन् । उनले बुहारीलाई परिचयपत्र पनि लालपूर्जा जस्तै भयो अव साच्चिकै लालपूर्जा नपाउनुजेल आन्दोलनमा लागिरहन भनीन् । यसले उनी भूमि आन्दोलनको प्रेरणाको स्रोत बनिन् ।

१० कञ्चनपुर, दैजी-३ धमपुरका गंगा मगर भूमि आन्दोलनको सक्रिय अगुवा बनेकी छिन् । उनको परिवार साहुको घरमा काम गर्न बसेको हुँदा उनी पनि त्यही दुःखी जीवनमा हुर्किइन् । आफ्नो जग्गा जमिन केही नभएकोले उनको परिवार विवाहपछि शिविरमा बस्न थाल्यो । आफू बसेको गाउँको शिविर हटाउन खोज्दा उनले डटेर सङ्घर्षपूर्ण आन्दोलनको नेतृत्व गरिन् । उनकै नेतृत्वमा गाविसबाट बसोबासको प्रमाणपत्र लिए । सामुदायिक वनको अस्थायी सदस्यता पाए र आन्दोलनको सफल नेतृत्व गर्दै जाँदा सुकुम्बासी परिचयपत्र समेत दिलाउन सफल भइन् । उनी आन्दोलनको अगुवा, र फुल नै भएकी छिन् ।

यस्ता फूल (अगुवा) हरू हाम्रो सङ्गठनहरूमा धेरै छन् । तिनको अभिलेखन छैन । अभियानमा यस्तै धेरै फूल कसरी फुलाउने भन्नेमा चिन्तन र अभ्यासमा लानुपर्छ । फूल त फुलेको छन् । तिनीहरूलाई खस्न दिन भएन । अगुवाहरूलाई मलजल गर्नु आवश्यक छ । सफल अगुवा जस्तो अरूलाई पनि सङ्गठनमा बनाउन के गर्ने होला । धेरै फूलहरू कसरी फुलाउने र त्यसबाट अरू फूलहरू कसरी फूलाउने भन्ने सोच्नुपर्छ । राम्रा फूलहरू सार्न पुगेको छैन ।

## क्षेत्रीय समीक्षाको सार

समीक्षा १

| समीक्षा | स्थान | सहभागी | अवधी | घण्टा | खर्च |
|---|---|---|---|---|---|
| स्रोत केन्द्र ९ | ओखलढुङ्गा महिला जागरण हल | १९ | असार १९ र २० | २७ | ४६५४० |
| चिन्तन | - सङ्गठन सवलीकरण<br>- सामुदायिक भूमिसुधार | | | | |
| मनन् | - आन्दोलनको बारेमा अगुवालाई नै बुझाउन नसकिएको ।<br>- सङ्गठनत बनेको तर सदस्यता वितरण हुन नसकेको । | | | | |
| सवाल/प्रश्नहरू | - अभियानकर्तालाई नै आन्दोलनको बारेमा प्रष्ट पार्न नसकिएको सवाललाई कसरी सम्बोधन गर्ने ?<br>- जिल्ला मञ्चको अगुवाको क्षमता विकास कसरी ?<br>- मोहीको विषयलाई जिल्ला र केन्द्रसँग जोड्न के गर्ने ? | | | | |

समीक्षा २

| समीक्षा | स्थान | सहभागी | अवधी | घण्टा | खर्च |
|---|---|---|---|---|---|
| स्रोत केन्द्र ५ | भूमिघर हेलम्बु | २७ | असार १८ र १९ | २६ | ४२३०० |
| चिन्तन | - संयुक्त पूर्जा अभियानलाई विस्तार गर्न गाविस, राजनीतिक दलसँग छलफल, अर्न्तक्रिया गर्ने, गाविसको योजनामा राख्न प्रयास गर्ने र दृश्यात्मक सामाग्रीहरू पोष्टर, सिडी र पम्पेल्ट ज्यादा प्रयोग गर्ने ।<br>- तत्काल छिनोफानो गर्न सकिने सवाल केन्द्रित योजना बनाउने र अन्य | | | | |

| | |
|---|---|
| | सवाललाई पनि सँगै लैजाने ।<br>- स्थानीय स्रोतको खोजी, गाविसको बजेट मध्ये कृषि र महिलाको शिर्षकमा छुट्टिएको बजेटमा दावि र उपयोग । |
| मनन् | - दोहोरो सम्वाद, छलफल, अर्न्तक्रियालाई बढाउनुपर्छ ।<br>- भूमिको सवाललाई केन्द्रमा राखेर अन्य साना सवालको समाधान खोज्ने<br>- सङ्गठनको अनुगमन र सिकाई आदान प्रदान बढाउनु पर्ने । |
| सवाल/प्रश्नहरू | - सङ्गठनको संख्या बढाउने भन्दा गुणात्मक सङ्गठन केन्द्रीत गरौं ।<br>- संयुक्त पूर्जा टुक्रे रूपमा भन्दा अभियानको रूपमा कसरी बढाउने ।<br>- गुठी जग्गा रैकरको लागि परेका निवेदन कसरी छिनोफानो गर्ने । |

समीक्षा : ३

| समीक्षा | स्थान | सहभागी | अवधी | घण्टा | खर्च |
|---|---|---|---|---|---|
| स्रोत संस्था ७ | श्रीराम गेष्ट हाउस, लहान | २२ | असार १६ र १७ | १७ | २५००० |
| चिन्तन | - सिरहा, सप्तरी र उदयपुरमा बसोबास प्रमाण तथा जोतभोग प्रमाण अभियानको रूपमा लैजाने ।<br>- सुकुम्बासी आयोगले निर्माण गरेको परिचयपत्र वितरण गर्न लगाउने ।<br>- जिल्ला प्रशासन कार्यालयमा हरूवाचरूवाको उजुरीको कार्यान्वयन गर्न दबाब दिने | | | | |
| मनन् | - सुकुम्बासी आयोगले परिचयपत्र नदिएपछि बसोबास प्रमाणलाई ठोस प्रमाणको रूपमा लिने र यसलाई अभियानको रूप दिने ।<br>- सिरहा र सप्तरीमा हरूवाचरूवाको मुद्दामा खबरदारी, मानव अधिकार आयोगमा निवेदन पेश<br>- संयुक्त पूर्जाको योजना बनाई अभियानलाई शसक्त बनाउनुपर्ने । | | | | |
| सवाल/प्रश्नहरू | - हरूवाचरूवाको उजुरी कार्यान्वयन नहुनु ।<br>- परिचयपत्र वितरण नहुनु । | | | | |

समीक्षा : ४

| समीक्षा | स्थान | सहभागी | अवधी | घण्टा | खर्च |
|---|---|---|---|---|---|
| स्रोत केन्द्र ४ | भूमि घर महोत्तरी | २८ | असार १७ र १८ | २० | ६९०६१ |
| चिन्तन | - योजना अनुसारको कामको उपलब्धी<br>- बजेट नभएको अवस्थामा भूमि अधिकार आन्दोलनलाई कसरी अगाडी बढाउने<br>- संविधान सभाको चुनावमा मत कसलाई ?<br>- संगठनलाई अझ कसरी सशक्त बनाउने | | | | |
| मनन् | - स्थानीय स्रोत साधान र उपयोग गरेका सङ्गठनहरूले राम्रो उपलब्धी प्राप्त गरेको<br>- संयुक्त जग्गाधनी पूर्जा बनाउने कामलाई पहिला फितलो तरिकारले हेरियो तर पछि लागि परेर काम गर्दा यसमा सफलता पाउन सकिन्छ । | | | | |

| | |
|---|---|
| | - सरकार फेरीने क्रमसँगै संरचना पनि फेरीदै जाने |
| सवाल/प्रश्नहरू | - सागरनाथ वन विकास परियोजनाका सुकुम्बासी परिवारलाई कसरी व्यवस्थीत गर्ने ? |

समीक्षा : ५

| समीक्षा | स्थान | सहभागी | अवधी | घण्टा | खर्च |
|---|---|---|---|---|---|
| स्रोत केन्द्र १ | होटल पिपलचौतारी, बुडर, डोटी | ३२ | असार १७ र १८ | २५ | १०६,४०० |
| चिन्तन | - सुकुम्बासी शिविर हटाउने वनको योजना भएकाले उनीहरूको बसोबास सुरक्षित गर्न सङ्गठनमा छलफल र परिचालन गर्ने । वनसँगको सम्बन्ध कस्तो बनाउने भन्नेमा मञ्चले निर्णय लिने ।<br>- साउनदेखि आन्दोलनलाई निरन्तरता दिन सदस्यता नविकरण आन्दोलन कोष व्यवस्थापन सहकारी मार्फत आय आर्जन बढाउने काममा जोड दिने । जिल्ला मञ्चको क्षमता विकास र अगुवा परिचालनमा स्थानीय स्रोत जुटाउने ।<br>- कार्यकर्ताले जीवनमा गर्ने कामको लक्ष्य किटान गरि क्यालेण्डर बनाई कामलाई व्यवस्थीत गर्ने । पाइराखेको जिम्मेवारी पुरा गरे नगरेको विषयमा लक्षित समुदायमा आएको परिर्वतन हेरी पुनरावलोकन गर्न । | | | | |
| मनन् | - समयमै आयोगलाई दबाब दिन नसक्दा परिचयपत्र पाउन ढिला भयो ।<br>- आन्दोलनमा भएको गतिविधि र प्रभावको अभिलेखन गर्नुपर्ने । (जिल्ला र गाउँ तहमा)<br>- कार्यकर्ताले सवाल अनुसार ज्ञान, सिप बढाउनुपर्ने । | | | | |
| सवाल/प्रश्नहरू | - ऐलानी जग्गा दर्ताको विषयमा अभियान चल्न सकेन ।<br>- संयुक्त पूर्जाको लागि सङ्गठनभन्दा बाहिर जान सकिएन ।<br>- जग्गा कव्जा र भूउपयोगको अध्ययनलाई बहसमा ल्याउन सकिएन । | | | | |

समीक्षा : ६

| समीक्षा | स्थान | सहभागी | अवधी | घण्टा | खर्च |
|---|---|---|---|---|---|
| स्रोत संस्था २ | बीरेन्द्रनगर सुर्खेत, घण्टाघर | ३७ | असार २० र २१ | २० | १६७९२ |
| चिन्तन | - सुकुम्बासी आयोग विघटनपछि तयार भएको परिचयपत्र मालपोत कार्यालयबाट लिने गरि अभियान गर्ने ।<br>- बस्ती उठिबास विरूद्ध पक्ष विपक्षमा दोहोरो संम्वाद बढाउने ।<br>- योजना बनाउँदा सङ्गठन, विचार, आन्दोलन र उत्पादनलाई आधार बनाई योजना निर्माण गर्ने । | | | | |
| मनन् | - बस्ति संरक्षणको लागि अदालतमा प्रमाण सहित मुद्दा दिने । विरोधी पक्षसँग | | | | |

| | |
|---|---|
| | पनि संम्वाद बढाउने ।<br>- गाउँ मञ्चको योजनामा आधारित भएर जिल्ला मञ्चको योजना निर्माण गर्ने ।<br>- आजसम्म भएका सिकाई, मञ्चको इतिहास र शक्तिको स्रोत आंकलन गरी अभिलेखन गरेर आन्दोलनको योजना बनाउने |
| सवाल/प्रश्नहरू | - आन्दोलन भइरहेको छ तर बस्ती उठिबास रोकीएको छैन, जोतेको ठाउँबाट हटाइदैछ, किसान, मजदुरमा फेरीने त होइन् ?<br>- बजेट (स्रोत) जुन ठाउँमा पुग्नुपर्ने हो कता कता अल्मलिएको छ । त्यसलाई कसरी व्यवस्थापन गर्ने ?<br>- सदस्यता लिने र सङ्गठन चाँही धेरै तर सक्रियतामा कमी ? |

सुर्खेतमा भएको समीक्षामा इन्सेक प्रतिनिधि, पत्रकाहरू लगायत ४ जना बाहिरी मानिसहरूआएर राम्रो सल्लाह पनि दिएर गएका छन् ।

समीक्षा : ७

| समीक्षा | स्थान | सहभागी | अवधी | घण्टा | खर्च |
|---|---|---|---|---|---|
| स्रोत संस्था ८ | तरहरा मानवीय स्रोत विकास केन्द्र, सुनसरी | २७ | असार १९ र २० | १६ | २२,६०० |
| चिन्तन | - बजेट नभएको अवस्थमा आन्दोलनलाई कसरी निरन्तरता दिने ?<br>- जोताहा प्रमाणीकरण स्थानीय निकायबाट कसरी गराउने ?<br>- सुकुम्बासी आन्दोलनलाई कसरी अगाडि बढाउने ? | | | | |
| मनन् | - स्थानीय निकाय र राजनीतिक दलले सहयोग नगरेको ।<br>- भइरहेको गाउँ मञ्च अगुवालाई परिचालन गर्न नसकेको | | | | |
| सवाल/प्रश्नहरू | - विना पारिश्रमिक कसरी र किन अभियान गर्ने ?<br>- संयुक्त पूर्जाको अभियानलाई हामी मात्र किन अगाडि बढाउने ?<br>- जिल्ला मञ्चका सदस्यहरूले नै पारिश्रमिकको कुरा गरेका छन् कसरी अभियान चल्छ ? | | | | |

समीक्षा : ८

| समीक्षा | स्थान | सहभागी | अवधी | घण्टा | खर्च |
|---|---|---|---|---|---|
| स्रोत केन्द्र ४ | भूमि अध्ययन घर, ठिमुरा | ३४ | असार १८ र १९ | २० | २२६०० |
| चिन्तन | - आगामी दिनमा आन्दोलनलाई कसरी निरन्तरता दिने ?<br>- हाम्रो कामले व्यक्ति, परिवार र समुदायमा के परिवर्तन ल्यायो ?<br>- व्यक्तिगत प्रयासले के उपलब्धी भयो ? | | | | |
| मनन् | - संयुक्तपूर्जा निर्माणमा जोड दिएनन् ।<br>- ठुला-ठुला अभियान/काम भयो तर उपलब्धि कम भए । | | | | |

| | |
|---|---|
| | - आन्दोलनको साथसाथै उत्पादनमूलक काममा पनि जोड दिनुपर्ने |
| सवाल/प्रश्नहरू | - हामी केन्द्रमा मात्र डेलिगेसन गयौँ तर केन्द्रलाई जिल्ला तहमा छलफल गर्ने वातावरण सिर्जना कसरी गर्ने ।<br>- हाम्रो पक्षमा भएका कानुन व्यवस्थालाई कसरी सरोकारवाला निकायलाई कार्यान्वयन गराउने ।<br>- गुठी जग्गा रैकर नर्गनलाई सर्वोच्च अदालतको निणर्य । |

समीक्षा : ९

| समीक्षा | स्थान | सहभागी | अवधी | घण्टा | खर्च |
|---|---|---|---|---|---|
| स्रोत संस्था ३ | वेसको तालिम केन्द्र, चखौरा, दाङ | २८ | असार २२ र २३ | १८ | ४६५४० |
| चिन्तन | - धेरै अगुवा तयार पार्नुपर्ने ।<br>- गाउँ भूमि अधिकार मञ्चका सदस्यहरू प्रति जिम्मेवार बन्ने । | | | | |
| मनन् | - योजना सम्पन्न गरेपछि मात्र अर्को योजनामा कार्य गर्नुपर्ने ।<br>- भूमि अधिकारको लागि गहिराई सम्म पुगेर अभियान गर्न नसकेको ।<br>- अनुगमन, सदस्यहरूबीच भेटघाट गर्ने र जिल्ला मञ्चको पदाधिकारीहरूको मञ्चबाट सुरू गर्ने । | | | | |
| सवाल/प्रश्नहरू | - बसोबास तथा जोतभोग प्रमाणपत्र वितरण गर्न ४ गाविसभन्दा बढिमा सकिएन, १४ गाविस तथा २ नगरपालिका पुग्न नसकेको ।<br>- सङ्गठन सुदृढिकरण कसरी गर्ने ?<br>- संयुक्त पूर्जा अभियान कसरी प्रभावकारी बनाउने ? | | | | |

समीक्षा : १०

| समीक्षा | स्थान | सहभागी | अवधी | घण्टा | खर्च |
|---|---|---|---|---|---|
| राष्ट्रिय भूमि अधिकार मञ्च | भूमि अध्ययन घर ,चितवन | १८ | | २९ | ६२६०४ |
| चिन्तन | - सदस्यता वितरण/नविकरण घट्दै जानुको कारण<br>- देशभरी भूमि अधिकार हनन् घटनाहरू प्रति (उठिबास, मोही बेदखल)<br>- केन्द्रीय समितिको पूर्ण बैठक नबस्नु र समितिका सदस्यहरूको क्षमता विकास<br>- मञ्च परिचालन रणनीति सम्बन्धमा | | | | |
| मनन् | - एउटा योजना गरेपछि मात्र अर्को योजनामा कार्य गर्नुपर्ने ।<br>- भूमि अधिकारको लागि गहिराई सम्म पुगेर अभियान गर्न नसकेको ।<br>- अनुगमन, सदस्यहरूबीच भेटघाट गर्ने र जिल्ला मञ्चको पदाधिकारीको मञ्चबाट सुरू गर्ने । | | | | |
| सवाल/प्रश्नहरू | - सदस्यहरूको क्षमता विकास गराउनुपर्ने ।<br>- भूमि अधिकार आन्दोलनलाई नीतिगत तहमा पुऱ्याउन स्थानीयदेखि केन्द्रसम्म | | | | |

| | |
|---|---|
| | संम्वाद, छलफल भेटघाट अर्न्तक्रियामा बढि जोड दिनुपर्ने<br>- तालिम हल निर्माण । |

राष्ट्रिय मञ्चमा केन्द्रीय पदाधिकारीहरूलाई समान व्यवहार भएन् भन्ने आवाज उठेको छ । घण्टाको आधारमा भएको उत्पादन पनि महत्वपूर्ण हुन्छ । यसमा हामीले विचार पुऱ्याउनुपर्छ । कुनैपनि कुरा पद्दतीगत रूपमा नगए, त्यो संस्थागत रूपमा जान सक्दैन ।

कथा
(जे मा पनि प्रमाण खोजिन्छ)
मानिस मरेपछि त्यसलाई घाटमा लान हतार गरिन्छ । कुनै एउटा गाउँमा यसरी मान्छे मरेपछि घाटमा लानुभन्दा पहिले नै मृत्यु दर्ताको प्रमाणपत्र बनाउने चलन रहेछ र सोही अनुरूप त्यहाँ पनि मरेको भनी मृत्यु दर्ता उत्तिनखेरी बनाइयो । घाटमा लानुभन्दा पनि पहिले नै प्रमाणपत्र बनाइयो र घाटमा लगियो । तर मरेको भनेको र प्रमाणीत गरेको मनिस त घाटमा पुऱ्याउने वित्तिकै जुरूक्कै उठ्यो । उ बेहोस मात्र भएको रहेछ । मलामीहरू सबै डराए र छक्क पनि परे । सबैको सामू कथित मृतकले म मरेको छैन् भन्यो । सबैले 'त' मरिसकिस् भने । उसलाई आपत पऱ्यो । त्यो मलामीको हुलमा एक जना रिटायर्ड न्यायधिस पनि रहेछन् । कथित मृतकले न्यायधिसलाई उजुरी गऱ्यो । तर ऊ मरेको नै हो भनी सारा गाउँलेले प्रमाण पत्र बुझाएर मरेकौ हो भने । र सधै प्रमाणलाई मात्र आधार बनाउन जानेका न्यायधिसले पनि मृत्यु दर्ताको आधार प्रमाण भएपछि मरेकै हो भनी फैसला सुनाए । यस्तै भएको छ हाम्रो आन्दोलनमा पनि किसान खेत जोतीराखेको छ तर मालिक होइन भन्छ । घर बनाएर बसिराखेको छ तर घरको मालिक होइनस् भनिन्छ । जहाँ पनि प्रमाण नै खोजिन्छ । न्यायधिसले पनि खाली कागजी प्रमाण मात्र हेरीराखेको छ । वास्तविकतालाई आधार नै मानिन्न । अव हामीले यस्ता कुरामा विचार गरि आन्दोलन चर्काउन आवश्यक छ ।

त्यसपछि सबै स्रोत केन्द्र/संस्था/ मञ्चले बर्षभरीमा गर्न नसकिएको एउटा-एउटा काम र कारण पनि मेटा कार्डमा लेखि प्रस्तुत गरेका थिए ।

| स्रोत केन्द्र/संस्था/मञ्च | गर्न नसकिएको | कारण |
|---|---|---|
| ४ | वेसार खेती गर्न लिईएको २ विघा जमिनमा खेती गर्न नसकिएको । | - केराबारी गाउँ भूमि अधिकार मञ्चका सदस्यहरू बसेको जग्गा काँग्रेसका स्थानीय नेताले चोरी दर्ता गराएको र सो वदर गर्न बढि समय गएको ।<br>- खेती गर्ने योजना ढिला गरिएकोले समय घट्केको । |
| १ | २२ गाउँ भूमि अधिकार मञ्चको परिवेश विष्लेषण गर्ने र गाउँ तहको स्रोत केन्द्र निर्माण गर्ने | - अध्ययन गर्ने, लेख्ने कुरामा कम ध्यान दिइएकाले ।<br>- भेला, सभा, सुकुम्बासी आयोगमा दबाब दिने काममा जोड |
| ५ | जिल्ला भूमि घर बनाउने काम हुन सकेन । | - निश्चित व्यक्तिलाई जिम्मेवारी तोकीएन । यो कामलाई प्राथमिकतामा राखिएन । सदरमुकाममा भूघिघर बनाउने कुरा भएको तर त्यहाँ जग्गाको उपलब्धता हुन कठिन । |

| | | |
|---|---|---|
| ६ | सदस्यता नविकरण लक्ष्य गरेअनुरूप भएन | - भौगोलिक विकटता । जनशक्तिको कमी । जिम्मेवारी बहन नगर्नु। |
| ८ | जोतभोग तथा प्रमाणपत्र लिन नसक्नु । | - जिल्ला मञ्चले दबावका कार्यक्रममा साथ नदिनु । जोताहा किसान आफै भपाई लिन डराउनु । गाविस सचिवले आफ्नो अधिकार क्षेत्रमा नभएको भनेर पन्छिनु । |
| ७ | कृषि सहकारी दर्ता हुन नसकेको । | - ११ गाउँ मञ्चहरूको रकम कम, बढि भएकाले तालमेल नमिलेको ।<br>- सहकारी डिभिजनले असार मसान्तपछि दर्ता गर्नुभनि फर्काएको ।<br>- अभियानकर्ताले योजना अनुसार कार्य सम्पन्न गर्न नसक्नु । |
| ९ | संगठित सदस्यहलाई समयमै सदस्यता वितरण गर्न सकिएन । | - जिल्ला मञ्च सक्रिया नभएकाले । सदस्यता वितरण गर्ने बेला केन्द्रबाट नयाँ सदस्यता पत्रको फर्मेट सर्कुलर हुनु र सो अनुसार छापेर वितरण गर्न नसक्नु । सङ्गठित सदस्यहरूले सदस्यताको महत्व नबुझ्नु । |
| २ | सहकारी दर्ता गर्न नसकिएको | - सुरूदेखि कामको योजना बनाई काम गर्न प्राथमिकता नदिनु ।<br>- सुकुम्बासी परिचय पत्रको अभियान प्राथमिकतामा पर्नु ।<br>- सहकारी दर्ताको प्रकृयाको लागि चाहीने कागज पत्र तयार पार्न नसक्नु । |
| ३ | बसोबास तथा जोतभोग आधारमा प्रमाण पत्र थप गाविसमा दबाव दिन नसकेको । | - अभियानकर्ताको कम चासोमा परेको । अगुवा परिचालनमा कमी । सरोकारवालाहरूमा दबाव नपुगेको । |
| राष्ट्रिय मञ्च | सदस्यता नविकरण र वितरण | - राष्ट्रिय मञ्चले पठाएको सर्कुलरबारे केही जिल्ला मञ्चले छलफल र योजना बनाएपनि कार्यान्वयमा नलैजानु । स्थानीय अभियान अभियानकर्तालाई सवाल आन्दोलन बारे प्रशिक्षण नपुग्नु । मञ्चका आफ्नै सदस्यहरूको सदस्यता नविकरण नहुनु । |
| आत्मनिर्भर केन्द्र | ल्याण्ड ग्रायाभिङ्ग अध्ययन अर्न्तगत फिल्डको सूचना संकलन गर्न, समयमै काम गर्न र छलफलमा ल्याउन सकिएन । | - कम समयावधी । फिल्डमा सपोर्ट नपुगेको । अत्याधिक कार्यवोझ |

**यस वर्षको मुख्य उपलब्धी**

यस पछि स्रोत केन्द्र, स्रोत संस्थाहरूले बार्षिक प्रगती प्रस्तुती गरेका थिए ।

**दोस्रो दिन, २०७० असार २६ गते**

दोस्रो दिनको आधा दिन सम्म स्रोत संस्था, केन्द्र, राष्ट्रिय भूमि अधिकार मञ्च र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले बार्षिक प्रगती प्रस्तुती गरेका थिए ।

**अगुवा अनुभूति-** सम्रग प्रगती प्रस्तुती पछि कार्यक्रममा विभिन्न स्रोत केन्द्र र संस्थाबाट सहभागी सफल अगुवाहरूले आफ्नो अनुभूति सुनाएका थिए ।

**१. शोभा विक, अगुवा**

नाम शोभा विक । घर महोत्तरी, किसाननगर । मेरो परिवार (बाबुआमा) को आफ्नो कुनै सम्पत्ति नभएपछि मामाघरले दिएको जग्गामा बस्दै आएका हो । गरिब परिवारको भएकाले खाना, लाउनको दुःखले मलाई ९ वर्षको उमेरदेखिनै अर्कोका घर (काठमाडौं) मा राखिदिए । १४ वर्षको उमेरमा भूमिहीनसँगै विवाह भएको हो । माईतीमा पनि भूमिहिन । घरमा पनि भूमिहिन । म जस्तै श्रीमान् पनि अर्कोकै घरमा काम गर्ने रहेछन् । विवाह भएपछि पनि साहुकै घरमा बसेका हौं । केही समय दुवै (श्रीमान्, श्रीमती) भारतमा काम गर्न गयौं । भारतबाट फर्केपछि छोरीको जन्म भयो । त्यतबेला पनि उहाँ भारतमा नै बस्नु हुन्थ्यो । गाउँललेले छोरीको नाम पनि भूमि नभएको परिवारमा जन्मेकाले 'विपत्ती' नै राख्नुपर्छ भने र त्यही राखियो । म बर्दिवासमा बस्थें । २०६८ सालमा जिल्ला भूमि अधिकार मञ्च बारे थाहा पाएँ । त्यँहा गएर आफु भूमिहीन भएको बताएपछि किसाननगर गाउँ भूमि अधिकार मञ्चमा जान भनियो ।  वास्तविक सुकुम्बासी हो भन्ने थाहा पाएपछि उहाँहरूले त्यहाँको ऐलानी जग्गामा बस्न दिनुभयो ।

त्यसपछि म भूमि अधिकार मञ्चको अभियानमा सङ्गठित भएको छु । म चिनीनु भनेको म र मेरो परिचय पुग्नु भनेको सङ्ठनले हो । १ कठ्ठा जमिनमा मैले घर बनाएको छु । खानेपानीको लागि इनार बनाएको छ । मैले तरकारी खेती गर्न थालेको छु । सङ्गठनको बैठक हरेक महिनाको २९ गते हुन्छ र सिकाई केन्द्र प्रत्येक शुक्रबार सञ्चालन हुन्छ । आज मलाई सङ्गठनमा नेतृत्व गरेर हिडेको देखि गाउँमा विद्यालय व्यवस्थापन समितिको सदस्य पनि बनाइएको छ । म चारघरे भूमि अधिकार मञ्चको उपाध्यक्ष पनि हुँ ।

मेरो छोरी विरामी पर्दा मलाई गाउँमा साहुले एक हजार सम्म ऋण पत्याएनन् । सङ्गठनबाट मैले २५०० ऋण पाएँ । त्यसबाट छोरीलाई उपचार गराए ।

**२. दलबहादुर राजकोटी, अगुवा**

नाम दलबहादुर नगरकोटी । तानसेन नगरपालिका १३ पाल्पामा बस्छु । बतासे गाउँ भूमि अधिकार मञ्चमा, सचिवको रूपमा भूमि अधिकार अभियानमा सक्रिय छु । मञ्चमा म जस्तै ६५ घरपरिवार सङ्गठित छौं ।

विद्यालयको जग्गा २०३७ सालमा पैसा हालेर किनेको भएपनि त्यसको अधिकार पाउन सकेका छैनौं । हामीसँग कुनै पनि प्रमाण छैन । जम्मा दुई २ आना जग्गा छ । त्यसको पनि हामीसँग कुनै प्रमाण पनि छैन । सुकुम्बासी जीवन हामी विताउन बाध्य छौं ।

हरेक कुरामा प्रमाण खोजिन्छ । यहीको नागरिक भएर पनि गैर नागरिक भएर बाचँको छौं ।  धेरै हुनेसँग १.५ रोपनी मात्र जग्गा छ । त्यसको प्रमाण हामीले खोजेपनि नपाएपछि हामी २०६६ सालदेखि गाउँमा भूमि अधिकार मञ्चको अभियानमा लागेका छौं । जग्गा किन्दा स्कुलले दिएको प्रमाणहरू लिएर हामी धेरै ठाउँमा धायौं तर दुःख मात्र पायौं । जिल्ला नै फर्काइयो । २०६२ सालमा दरबार ध्वस्त हुँदा प्रमाण हरायो भनी हामीलाई केही दिइएन ।

गरिबीको पीडामा हुर्कर आएको छौँ । त्यो बेला थियो त्यतीबेला हाम्रा घरमा पालेका भैंसी पनि साहुँले आफ्नो भनी लान्थे । हामीलाई हुनेखानेले गरिब बनाएर यो अवस्थामा ल्याए । मञ्चमा लागेपछि अन्याय र शोषणका विरूद्मा कसरी लड्ने भन्ने सिकेका छौ । अगुवाको रूपमा म अभियानमा लागेको छु । तर सबै कानूनी प्रकृयाको बारेमा त बुझेको त छैन तैपनी म यो विषययमा बुझ्ने प्रयास गरिरहेको छु ।

### ३. ग्यालजेन तामाङ, अगुवा

नाम ग्यालजेन तामाङ । सिन्धुपाल्चोक जिल्ला हेलम्बुमा बस्छु । मेरो परिवार बुबाको पालामा नुवाकोटबाट बसाई सरी आएको हो । बसाई सर्दा भएको जमिन ४ सय रूपैयामा बेची हेलम्बुमा थोरै बारी किनी छाप्रो हालेर बसेका थियौं । बुबाले घट्ट चलाएर परिवार पालेको थिए । कुनै दिन यस्तो थियो जुन म आज पनि बिर्सन सक्दिन । गरिबी पिरोलेको बेला घरमा खानेकुरा सकिएछ । मैले खाना माग्दा आमाले पकाउने भाँडो नै मेरो टाउकोमा खन्याइदिनुभयो । जहाँ केही थिएन ।

२०४९ सालमा बुबाको मृत्यु भयो । त्यसपछि झन पारिवारीक रूपमा गरिबीले हामीलाई पिरोल्यो । त्यस्तो चरम गरिबीको पीडाबाट गुज्रिएर आएको हुँ म । बेदर्तावाला मोही हुँ । जग्गाधनीको ९ रोपनी जमिन जोतभोग गरिरहेको छु । त्यो वापत वर्षेनी ५ मुरी धान बुझाउनु पर्छ । कुत तिरेपनि भपाई साहुले दिएको छैन । २ वर्ष भयो साहुले कुत लिन आएको छैन । साहूको कमाई आएको जमिन पनि मामाले अनेक बहाना बनाएर खोसाए । त्यतीबेला बोल्न पनि एकदम डर लाग्थ्यो केही भन्न पाइन्नथ्यो ।

मामाहरूको षढयन्त्रबाट जग्गा खोसिएपछि २०६३ सालमा जिल्ला भूमि अधिकार मञ्चका अध्यक्ष नवराज गुरागाईसँग भेट्भयो । उनले अधिकारका लागि लड्न हौसला दिए ।

सोही वर्ष नै गाउँ सङ्गठन बनायौं । मलाई ३ वर्ष सम्म गाउँ मञ्चको अध्यक्ष बनाइयो र काम पनि गरे । आन्दोलनको नेतृत्व गरेर धेरै कुरा सिके पनि । गाउँमा सफल रूपमा आन्दोलनको नेतृत्व गरेको मूल्याङ्कन गरि अहिले मलाई साथीहरूले जिल्ला मञ्चको कोषाध्यक्षको जिम्मेवारी पनि दिएका छन् ।

कमजोरी भएपछि जसले पनि हेप्ने रहेछन् तर जव ऊसँग शक्ति हुन्छ तव उसलाई हेप्न नसक्ने रहेछ । अहिले मामाहरूले मलाई केही भन्न सक्दैनन् । हामीलाई सङ्गठनको बलले बोल्न सक्ने क्षमता बढायो । मोही किसानलाई मोही अधिकार हामीले दिलाउन सफल भइयो ।

सङ्गठनमा लागेपछि सहकारी बनायौं । भूमि घर बनायौं । स्थानीय तहदेखिनै शक्ति निर्माण गरेपछि स्थानीय तहमा नै समस्या समाधान गर्न सकिने रहेछ भन्ने सिकाई भएको छ ।

### ४. मोहन गर्तोला, अगुवा

नाम मोहन गर्तोला । सुनसरी जिल्लाको इटहरी-३ मा बस्छु । हामी २५ सालदेखि पहाडबाट मधेश झरेर यहाँ बस्न थालेका हौं । त्यहाँ सरस्वती नगरमा जगंलको झाडी फाडेर २०११ सालदेखि बस्ती बसेका थिए । पछि आउनेहरू पनि नदी उकास जग्गा बिराएर बस्न थाले । हाम्रो हजुरबुबाले पनि २०२७ मा जग्गा बिराउनु भएको हो । त्यसपछि खेती गर्न सुरू भयो । त्यहाँ २०२६ सालमा सरस्वती प्रावि स्थापना गरेछन् ।

विद्यालय सञ्चालनको लागि भनी सो ठाउँको सबै जग्गा विद्यालयकै नाममा दर्ता गराएछन् । २०३० साल ३५ साल र ४२ सालमा तीन पटक गरि हाम्रो बस्ती लगायत बसेको जमिन विद्यालयको नाममा दर्ता भयो ।

स्थानीयले बिराएर जोतभोग गरिरहेको जमिन विद्यालयको नाममा दर्ता हुँदा कसैले केही भन्ने ठाउँ रहेन । यो विद्यालयको नाममा दर्ता गर्दा पनि केही फरक पर्दैन, पछि मिल्छ भनेर गाउँका टाठाबाठाहरूले फुक्याए ।

पहिला केही फरक पर्दैन भने पनि पछि विद्यालय व्यवस्थापन समितिहरू फेरीदै जाँदा कमाउनेसँग बाली लिएरै छाड्ने कुरा भयो । हामीले दिदैनौं भन्दा बस्तीका मानिसहरूलाई प्रहरी लगाएर थुनाए । सोझा किसानहरूलाई जवरजस्ती बाली भर्ने कागज गर्न लगाइयो । यसो हुँदै जाँदा २०५०/५१ देखि बाली तिर्न लगाइयो ।

फेरी माओवादीको द्वन्द्व सुरू भएपछि बाली माग्नै छाडियो । त्यतीबेला आफ्नो जग्गा अधिकारको लागि अदालत जानुपर्छ भन्ने पनि थाहा भएन । ०६७ सालतिर फेरी बाली भराउनुपर्ने भन्दै विद्यालयले चिठ्ठी पठायो । जहाँ हामी बसिरहेको छौं, विद्यालयले मेरो भन्छ तर ४० वर्ष भयो हामीले आफैले बिराएर कमाउन थालेको ।

जग्गाको अधिकार दिलाउन सहयोग गरिदिन बार एसोसिएसनसँग पनि सहयोग माग राख्यौं तर सुनुवाई भएन । दर्ता बदर यथावत कायम भनी २ वर्ष पहिले विद्यालयको नाममा मुद्दा जिल्ला अदालतमा दर्ता गरेका छौं । अदालतले तारेकमा बोलायौं । हामी र विद्यालयको पक्षमा झमेला सुरू भयो । हानाहान नै हुन स्थीती भयो । हामीले पछि राजनीतिक दलहरूसँग बसेर छलफल गऱ्यौ । तर पनि केही भएन । हाम्रो त्यहाँ घरहरू भत्काइयो ।

घर भत्काएपछि हाम्रो टोलमा आएका केही साथीहरूले भूमि अधिकार मञ्च मार्फत सङ्गठित रूपमा आन्दोलन गर्न सल्लाह दिए र हामी त्यही मार्फत अघि बढिरहेका छौं । मुद्दा चलिरहेको छ सकिएको छैन । कसैको २ विघा, कसैको २.५ विघा पनि छ ।

यसपछि सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत बस्नेतले भूमि तथा कृषि अधिकार अभियानको आगामी रणनीतिक योजना २०१४ देखि २०१८ को विषयमा छलफल तथा प्रस्तुती गर्नुभयो । र आगामी रणनीति कसरी जाँदा राम्रो हुन्छ भन्ने विषयमा पाँच समूह विभाजन गरि समूह कार्य गरि प्रस्तुती गरि छलफल गरियो ।

## तेस्रो दिन २०७०-असार २७

तेस्रो दिन आत्मनिर्भर सेवा केन्द्रका कार्यक्रम व्यवस्थापक जगत देउजाले भूमि तथा कृषि अधिकार अभियानको साउनदेखी पुस सम्मको सोच-पत्रको बारेमा छलफल गर्नुभयो ।

बाहिरी आर्थिक स्रोत उपलव्ध भए पनि नभएपनि भूमि तथा कृषि अधिकारको आन्दोलनलाई निरन्तर अगाडि लैजाने हाम्रो प्रतिवद्द्ता हो । यो प्रतिवद्द्ता समुदायका सदस्य र गाउँ मञ्चमा अझ उच्च देखिन्छ । बाहिरी सहयोग नहुँदा विगतमा पनि हामीले आन्दोलन छोडेनौं र अव पनि छाड्न सक्दैनौं । अति गरिब समुदायले हामी प्रति गरेको विश्वास र असिम मायाले दिएको भावनात्मक जिम्मेवारीका कारण पनि हामी आफैं आन्दोलन छोड्न चाहँदै चाहँदैनौं । सक्दै सक्दैनौं । कसरी रूखको फेदमुनीको झुपडी बिर्सन सक्छौं । जसले यो जिन्दगीमा एउटा झुपडी आफ्नो बनाउन सकेनन् । बनाएकोमा ढोका हाल्न सकेनन् । असुरक्षित बासको छाना जसमा मुस्किलले एक छाक पाक्छ, त्यस्ता घरलाई हामी कसरी भुल्न सक्छौं । अरूको खेत जोत्दा जोत्दै लखतरान परेको मोहीको पसिना कसरी बगिरहन दिन सक्छौं । हलिया, हरवाको हात र काँधकोठेला हेर्दैनौं अव भनेर कसरी भन्न सक्छौं ? तिनले गरेको विश्वास कसरी बिर्सन सक्छौं ?

हाम्रा भूमिहिन सुकुम्बासीले आफ्नै खेतमा फलेको नयाँ चामलको भात कहिले खाने ? नयाँ गहुँको रोटी कहिले खाने ? कानुनी र प्रकोप दुवैबाट सुरक्षित घरमा कहिले सुत्ने ? आफ्नो खेत र बारीमा फलाएको अन्न क्वाप्प आफैं खान पाउने दिन कहिले ल्याउने ? यि प्रश्नले पोलेर पनि हामी चुप लागेर कहाँ बस्न सक्छौं र ? अव आन्दोलन त निरन्तर लाने नै हो । यही बसाईमा नयाँ बाटो बनाउने हो । यसमा अव कसैमा द्धिवीधा छैन र भएकोमा रहने कुरा भएन ।

साउनदेखीको आन्दोलनलाई कसरी अघि लैजाने भन्ने विषयमा प्रत्येक गाउँमञ्च, जिल्ला मञ्च, अभियानकर्ता, अगुवा, संस्था सबैले केही न केही सोच अवश्य बनाईसकेका छन् । यद्दपी यस आन्दोलनमा यतिखेर केही प्रश्नहरू अवश्य छन् ।

के अहिलेकै उपलब्धीले यो आन्दोलनलाई निरन्तरता दिन सकिन्छ ? साङ्गठानीक शक्ति साँच्चै बढ्दो छकी घट्दो छ ? कागजी सङ्गठनमा मात्र कति समय रमाएर बस्ने हो ? स्रोत केन्द्र र स्रोत संस्थाहरू साँच्चीकै स्रोत केन्द्र वा संस्था बन्न सके ? कार्यक्रम कार्यान्वयन गर्ने यिनका थप भूमिका के के रहे ? के हाम्रा आन्दोलनका कार्यकर्ताले आन्दोलनबारे बिकाउ क्षमता विकास गरे ? दशकौं लागेकासँग समेत आफु कार्यरत सवालमा समेत कानूनी र प्रक्रियागत ज्ञान नहुनुको अवस्थालाई हामीले कसरी लिने ? कतै हामी कराईराख्ने सुकुम्बासीको बस्ती खरानी भईरहने अनि जोतिरहेको जमिनबाट किसान पाखा लाग्नु पर्ने दिन आयो भने यो आन्दोलनको मुल्याकंन के होला ?

**अवशर पनि छन् ।**
देशव्यापी सञ्जाल र संरचना । खट्न सक्ने अगुवा र कार्यकर्ता । भूमि अधिकार आन्दोलनको स्पष्ट छवी ।

## अघिल्लो रणनीति टुर्ने र नयाँ चरणको तयारी फेमवर्क

### समीक्षा, अभिलेखन, चिन्तनमनन्, बाँकी कामको फलोअफ, संविधानसभाको चुनाव र आगामी रणनीति निर्माण

१ पुराना प्रिय नहुने हैनन् तर पुरानाको तुलनामा नयाँ बढि प्रिय हुन्छ । एउटै ढाँचामा काम गर्दा त्यो सिर्जनात्मक हुदैंन । फेरी पछिल्लो ५ वर्षका सिकाईलाई सम्बोधन गरेर नयाँ बाटो कोर्नुपर्‍यो । तसर्थ अबको **काम गर्ने ढाँचा फेरिन्छ ।** जसको शुरूवात साउनबाटै भई आत्मनिर्भर केन्द्रको नयाँ रणनीति फाईनल भएपछि त्यसले पूर्ण आकार लिनेछ । जस्तो : स्रोतको खोजीमा विविधीकरण । अनुगमन मुल्याङ्कन । प्रकाशनहरू ।

२ जनवरी २०१४ बाट ५ वर्षका लागि लागु हुने रणनीति पत्र फाईनल नहुन्जेल अल्पकालिन कार्ययोजना बनाई आन्दोलनलाई सघाईनेछ । तर यो अवधीलाई अघिल्लो अवधीको आलोचनात्मक समीक्षा, अभिलेखन र नयाँ रणनीति र कार्ययोजनाको पुल बनाउने अवधीको रूपमा लिईन्छ र केही हदसम्म यो अवधी विचार गर्न फुर्सदको रूपमा पनि उपयोग गरिनेछ । (**नयाँ पुल नबनुन्जेल अस्थायी पुल**) यस अवधीमा विगतका कामलाई फलोअफ गर्नमा जोड दिईनेछ । तर यो अवधी हरेक हिसावले महत्वपूर्ण हुनेछ । किनकी यतिखेर संविधानसभाको निर्वाचन हुदैंछ । यतिखेर निष्क्रियता भयो भने यसले ठिक परिणाम दिदैंन ।

३ असार मसान्तसँगै संस्था, मञ्चसँग भएको सबै आर्थिक सहयोगको सम्झौता सकिसकेकाले अन्य सबै सहकार्य जारी रहेपनि आर्थिक सहकार्य पूर्णत टुट्नेछ । नयाँ आर्थिक सहकार्य नयाँ सम्झौता भएमा मात्र पुनः शुरू हुनेछ । विगतको सहकार्य र संस्था एवंम् मञ्चको सहभागीमूलक मुल्याङ्कन पश्चात मात्र सहकार्य गर्ने वा नगर्ने निर्णय लिईनेछ । यसका लागि निम्न विषयमा लेखाजोखा गरिनेछ । अल्पकालिन अवधीमा यि नै बुँदामा रहेर काम पनि हुनेछन् ।

- विगतको सहकार्यको आलोचनात्मक मुल्याङ्कन एवंम् समीक्षा
- संस्थागत विकास, सुशासन र बुझाईको नक्शाङ्कन र मुल्याङ्कन
- विगतका कामको अभिलेखन प्रतिवेदन
- जिल्ला वा क्षेत्रको भूमि र सङ्गठनको परिवेश पुस्तिका/वेसलाईन
- दिर्घकालिन रणनीति पत्र
- सवाल केन्द्रित नतिजामुखी अभियान योजना

अवको यो अवधीमा विगत ५ वर्षको अभिलेखन हुनुपर्छ । त्यति मात्र हैन । अहिलेसम्मको आन्दोलनको अभिलेखन र मुल्याङ्कन भई धेरैको दिमाग लगाएर नयाँ रणनीति पत्र कोर्नुपर्छ । जुन रणनीति पत्र आन्दोलनलाई सफलतामा पुऱ्याउने ठोस हुनुपर्छ । त्यसैले यसमा धेरैको मद्दत चाहिन्छ ।

हामीले अव कठिन, जटिल मुद्दाहरूको लागि फरक प्रक्रिया थालनी गर्न आवश्यक छ । **नयाँ सँग पनि सहकार्य हुने ।**

४ सबै कुरा मिलेर सहकार्य हुने भएमा पनि पुसदेखी चैतसम्म न्यूनतम आर्थिक सहयोग पनि नहुने अवस्था आउन सक्छ । तसर्थ अन्य स्रोतको खोजी गरी स्वंयसेवी तवरले यस्तो अभियान अघि बढाउन आजदेखी तयारी थाल्नुपर्नेछ ।

५ नयाँ रणनीति नबनिसकेकाले सहकार्य निरन्तरता हुने अवस्थामा पनि संरचना, भूमिका, र जिम्मेवारीमा अहिले नै पनि केही हेरफेर हुनेछ । स्रोत संस्था वा केन्द्र राख्नुपर्ने अवस्थामा तिनको भूमिका परिवर्तन हुनेछ ।

६ जिल्ला मञ्च र अन्य निकायसँग सबै अवस्था विश्लेषण नगरीकन सम्झौता गरिनेछैन । ईमान्दार जिल्लाहरूको क्षमता अभिवृद्दि गर्न समेत लगानी गरिनेछ भने विचार र सुशासन नभएकासँग सहकार्य गरिने छैन ।

७ हाल कार्य गरिरहेका सबै तहका कार्यकर्ताको मुल्याङ्कन र आगामी दिनको कार्ययोजना र रणनीति (व्यक्तिगत) सुनेपछि मात्र निरन्तरता दिने वा नदिने भन्ने निर्णय लिईनेछ । निरन्तर हुन नसक्नेलाई त्यस्तो अवधीसम्मको आर्थिक सहयोग उपलव्ध गराईने छैन । **सहभागीमूलक मुल्याङ्कन लागेकालाई निरन्तरता दिने । धेरै छाँटिने अवस्था हुनेछ ।**

८ आगामी योजना बनाउँदा समुदाय/गाउँ भूमि अधिकार मञ्चको स्वामित्व स्पष्ट देखिनुपर्नेछ । अबको बाटो ज्ञान निर्माणको बाटो हो । ज्ञान निर्माण विना जटिल मुद्दाहरूको सवालमा सञ्चालित अभियानले अपेक्षित फल दिन छाडेकाले कानूनी तथा प्रकृयागत ज्ञान निर्माण आवश्यक देखिन्छ । तसर्थ त्यसतर्फ पनि आगामी योजना केन्द्रित हुनुपर्नेछ ।

९ तत्कालिन सवालगत योजनाको खाका **<u>विकेन्द्रीकरण, विशिष्टीकरण तथा सञ्जालीकरण</u>** प्रक्रियाद्धारा प्राथमिकता प्राप्त सवालमा क्षेत्रगत तथा एकीकृत अभियान आवश्यक छ । प्रत्येक सङ्गठनले आफ्ना सवालमा योजना गरेर अभियान उठाउने स्थिती नबनाएसम्म आन्दोलनले आन्दोलनको रूप लिदैंन ।

त्यसपछि ४ समूहमा विभाजन भई अवको अवधी (साउन-पुस) सम्म के गर्ने भन्ने विषय समूह कार्य गरि छलफल तथा प्रस्तुती गरिएको थियो ।

### १. जिल्ला मञ्च योजना

| क्र.सं. | के गर्ने | कहाँ गर्ने | कहिले गर्ने | कति गर्ने | कस्ले गर्ने | स्रोत र सहयोग |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला मञ्च बैठक | जिल्ला मञ्च (गाउँ मञ्चको व्यवस्थापनमा पनि गर्ने) | साउन-असोज-मंसिर | ३ पटक २/२ महिनामा | अध्यक्ष र सचिव | आन्दोलन कोष आफ्नो घरमा भएको खानेकुराहरू पनि लाने |
| २ | गाउँ मञ्च गोडमेल-<br>- सदस्यता नविकरण<br>- सङ्गठनअभिलेखन<br>- सङ्गठनपुर्नगठन<br>- सदस्यताको लागि निवेदन पेश गर्ने<br>- गाउँ मञ्चले जिल्ला मञ्चलाई आवद्दताको प्रमाण पत्र पेश गर्ने र जिल्ला मञ्चले प्रमाणपत्र प्रदान गर्ने | गाउँ भूमि अधिकार मञ्च | भदौ महिनाभरि | गाउँ मञ्चको संख्याको आधारमा | सचिव, सक्रिया अगुवा र पदाधिकारी परिचालन गरेर | समुदायमा खाने/बस्ने, याताया नलाग्ने ठाउँमा र पाएक पर्ने ठाउँमा पठाउने/आन्दोलन कोषको परिचालन |
| ३ | अगुवा निर्माण र परिचालन<br>- अगुवाको सूची तयार<br>- प्रशिक्षण २ पटक<br>- स्वःअध्ययन | | भदौको पहिलो साता | १ पटक | जिल्ला मञ्च | स्थानीय सहयोग लिने |
| ४ | गाविस स्तरीय अर्न्तक्रिया बनाउने | गाविस स्तरमा | असोज | ३-५ गाविस | जिल्ला मञ्च सदस्य | सङ्गठन, गाउँ मञ्च |
| ५ | आन्दोलन कोष संकलन र उपयोग<br>- मौसमी बाली मुठी संकलन<br>- श्रम शिविर<br>- नियमित कोष संकलन | सबै जिल्ला, गाउँ मञ्च | कार्तिक, मंसिर | नियमित मौसमी | जिल्ला मञ्च | गाउँ मञ्च |
| ६ | गाविसको बजेटमा दावि र उपयोग गर्ने (महिला, कृषि, दलित, जजा र अति विपन्न<br>- योजना खाका अभिमुखीकरण | सबै जिल्ला र गाउँ मञ्च | भदौ र असोज | जिल्ला | जिल्ला मञ्च पदाधिकारी र गाउँ मञ्च अगुवा | गाविस-सचिव |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | - योजना निर्माण र पेश | | | | | |
| ७ | बाँझो जग्गाको खोजी गरि उपयोग | ९ वटै जिल्ला मञ्च र गाउँ मञ्च | साउन, भदौ र असोज | जिल्ला | जिल्ला मञ्च पदाधिकारी र गाउँ मञ्च अगुवा | राजनीतिक दल, गाविस र सावसँग सम्झौता गरि गर्ने । |

## २. सवालगत र नतिजामूखी

| **सवाल** | **नतिजा** |
|---|---|
| ऐलानी जग्गा नापी र लालपूर्जा वितरण | - ऐलानी जग्गा नापी र बनेर वितरण गर्न बाँकी रहेको लालपूर्जा वितरण गर्न जिल्ला तहमा सहमती भई केन्द्रबाट प्रकृया सुरू हुन्छ । |
| वास्तविक र तथ्याङ्कमा छुटेका हलियालाई परिचयपत्र वितरण | - तथ्याङ्क छुटेका हलियाहरूको तथ्याङ्क संकलन र परिचयपत्र वितरण हुन्छ । |
| भूमिमा महिला अधिकार | - ५८० जोडीले संयुक्त लालपूर्जा बनाउनेछन् । |
| उखडा जग्गा नापी | - २०० परिवारको जग्गा नापी भइ पूर्जा पाउने छन् । |
| सागरनाथ वन परियोजना | - सागरनाथ वन परियोजनाको जग्गामा बसोबास गरिरहेका सुकुम्बासीहरूको बस्ती जोगिन्छ । उनीहरूले खेती गर्दै आएको जग्गामा वृक्षारोपण गर्ने काम रोकिन्छ । |
| बसोबास तथा जोतभोगको आधारप्रमाण पत्र | - ११०० परिवारले जोतभोगको आधारप्रमाण पत्र पाउँछन् । |
| गाउँ ब्लक जग्गा दर्ता | - गाउँ ब्लक जग्गा नापी भई ६०० जनाले लालपूर्जा पाउनेछन् । |
| संविधानमा भूमि सुधारको मुद्दा स्थापीत गराउने । | - दलको घोषणापत्रमा भूमि सुधार प्रमुख मुद्दा बन्ने ।<br>- संविधान सभामा १० जना भूमि अधिकारबाट बन्चितको प्रतिनिधित्व हुने गरि सहभागी हुन्छन् । |

| **सवाल** | **क्रियाकलाप** | **कहिले** | **कहाँ** |
|---|---|---|---|
| सुकुम्बासी परिचयपत्र | परिचयपत्र तयार भई बाड्न मात्र बाँकी राखेको लगत तयार गर्ने | साउन | २५ जिल्ला |
| मोही बेदखल | बेदखल भएका मोहीको लगत लिने | साउन १० | बाँके, सप्तरी, सुनसरी, मोरङ |
| | मोही र जमिन्दारबीच छलफल | साउन १० | |
| | मानव अधिकार आयोगमा मुद्दा पेश | साउन ११ | |
| हरूवाचरूवा | हरूवा चरूवा निवेदन संकलन | साउन १० | |
| | मानव अधिकार आयोगमा निवेदन पेश | साउन ११ | |
| | मन्त्रालयमा भेटघाट | साउन १५ | |
| | हरूवाचरूवा परिचयपत्र वितरणको लागि दवाव दिन निवेदन दिने | भदौ | |

| | | | |
|---|---|---|---|
| | हरूवाचरूवा भेला | कार्त्तिक | |
| सागरनाथ वन परियोजना | कर्मेया ९ सर्लाहीको विस्तृत अध्ययन गर्ने | साउन १५ | सर्लाही |
| | राजनीतिक दल र वन विकास परियोजनासँग छलफल | साउन १७ | सर्लाही |
| बसोबास तथा जोतभोगको आधार प्रमाण पत्र | जिविसमा एलडियो सँग छलफल | भर्दा | दाङ, बाँके, बर्दिया, सुनसरी, मोरङ, झापा, सिरहा र सप्तरी |
| | गाविसमा धर्ना | भदौ | |
| | गाविसमा पत्रकार सम्मेलन | असोज | |
| गाउँ ब्लक जग्गा दर्ता | विवाद समाधान गर्ने,<br>स्थानीय तह गाउँ मञ्चलाई मुचुल्का लेखनमा सहयोग | असोज | सिरहा, सप्तरी, महोत्तरी |
| संविधानमा भूमि सुधारको मुद्दा स्थापीत गराउने | दलहरूसित भेटघाट | असोज | केन्द्र |
| | गाउँ मञ्चबाट दलहरूलाई पत्र | असोज | गाउँ मञ्च |
| | अपिल, पर्चा, पम्प्लेट बाड्ने | असोज/कार्त्तिक | जिल्ला |
| | भूमि अधिकार सभा | | जिल्ला/क्षेत्र/केन्द्र |
| ऐलानी जग्गा नापी र लालपूर्जा वितरण | ऐलानी जग्गाको विवरण लिने | असोज | सबै जिल्लामा |
| | ऐलानी दर्ता र लालपूर्जा वितरणका लागि जिल्लामा सहमती गर्ने | कात्तिक | भूमि सुधार तथा व्यवस्थापन मन्त्रालय |
| | जिल्लाको सहमती सहित डेलिगेसन | मंसिर | |
| छुट हलियालाई परिचय पत्र | मञ्चले गरेको अध्ययन सार्वजनिक गरि छुट हलियाको तथ्याङ्क प्रमाणित गर्ने गराउने | असोज | बैतडी |
| भूमिमा महिला अधिकार | संयुक्त पूर्जा बनाउने प्रेरीत गर्ने | साउन-पुष | सबै जिल्ला |

**जिल्ला मञ्चको योजनामा आर्थिक सहयोग जुटाउनु पर्ने,**

- सवालगत क्षमता विकासको लागि ऐन, कानुनको विषयमा प्रशिक्षण अध्ययनशाला
- जिल्ला मञ्चको विगतको आन्दोलनको अवस्था र उपलब्धिलाई नक्शाङ्कन अभिलेखन गर्ने,
- गाउँ मञ्चको योजना र स्थानीय सवालको आधारमा त्रैवार्षिक योजना गर्ने
- गाउँ मञ्चको सङ्गठनलाई परिचालन र सहजीकरणको लागि अभियानकर्मी
- संविधानमा भूमि अधिकार अभियान
- मोही, संयुक्त पूर्जा, गुठी, बसोबास आधारपत्र, विर्ता, हरूवा चरूवा मुक्त अभियान

जिल्ला भूमिअधिकार मञ्च, .............

**अर्धबार्षिक योजना अन्यबाट सहयोग जुटाउनुपर्ने**

| क्र.सं. | क्रियाकलाप | कहाँ | कहिले | कति | बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला मञ्च र अगुवा कार्यकर्ता प्रशिक्षण | जिल्ला मञ्चले | भदौ | १ पटक ५ | १,१०,००० | जिल्ला मञ्च र आत्मनिर्भर | साग, गुन्द्रुक, न्यूरो जे हुन्छ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | तोकेको ठाउँमा | | दिनको | | केन्द्र | समुदायबाट संकलन गर्ने |
| २ | जिल्ला मञ्चको विगतको आन्दोलनको अवस्था, उपलब्धिलाई अभिलेखन गर्ने | जिल्ला | साउन | १ पटक | ४०, ०००० | जिल्ला मञ्च र आत्मनिर्भर केन्द्र | |
| ३ | गाउँ मञ्चको योजना र स्थानीय सवालको आधारमा त्रैमासिक योजना बनाउने | जिल्ला | कार्तिक | | ४०, ०००० | जिल्ला मञ्च र आत्मनिर्भर केन्द्र | |
| ४ | गाउँ मञ्चको योजना कार्यान्वयनको लागि अभियानकर्ता परिचालन | जिल्ला | साउनदेखि | ५ जना | ५६००० | जिल्ला मञ्च र आत्मनिर्भर केन्द्र | |
| ५ | संबिधानमा भूमि अधिकारको बिषयमा दल र उम्मेदवारसंग छलफल र अन्तक्रिया (ठूलो समूहमा) | जिल्ला | कार्तिक | एक महिना | ३०,००० | जिल्ला मञ्च र आत्मनिर्भर केन्द्र | |
| ६ | नतिजामुखी अभियान (मोही, संयुक्त पूर्जा, गुठी, बसोबास आधार पत्र, विर्ता, हरूवा चरूवा मुक्त अभियान) | जिल्ला | निरन्तर | | ६०,००० | जिल्ला मञ्च र आत्मनिर्भर केन्द्र | |

**जिल्लाको मञ्चको सहयोगका लागि योजना**

| क्र.सं. | क्रियाकलाप | कहिले | जिम्मेवारी | बजेट |
|---|---|---|---|---|
| १ | अभिलेखन | | जिल्ला मञ्च, गाउँ मञ्च र अभियानकर्ता | |
| | जिल्लाको भूपरिवेश एवं वेसलाईन परिमार्जनसहित तयार गर्ने | साउन, भदौ, असोज | जिल्ला मञ्च, गाउँ मञ्च र अभियानकर्ता | ३०,००० |
| | आन्दोलनको जीवनगंगा सहित प्रक्रिया, उपलब्धि र सिकाई पुस्तिका | असोज | जिल्ला मञ्च, गाउँ मञ्च र अभियानकर्ता | १०,००० |
| | साङ्गाठानिक विवरण (अगूवा, सङ्गठन, सदस्यता, वितरण, नविकरण) तयार गर्ने | साउन र भदौ | जिल्ला मञ्च, गाउँ मञ्च र अभियानकर्ता | |
| | जिल्ला मञ्चको चिनारी (संघर्ष र गन्तव्य) | असोज र कार्तिक | जिल्ला मञ्च, गाउँ मञ्च र अभियानकर्ता | ५,००० |
| २ | जिल्ला मञ्चको ३ बर्षे सपना (अठोट चित्र) कार्यशाला | कार्त्तिक | जिल्ला मञ्च, गाउँ मञ्च र अभियानकर्ता | ३०००० |
| ३ | क्षमता विकास | | | |

| | | | | |
|---|---|---|---|---|
| | जिल्लाका सहयोगी संघसंस्थाहरूको नक्शाँकन गरी कम्तिमा २ वटा प्रस्तावना लेखनमा सहयोग | | संयोजक | ८,००० |

आर्थिक सहयोग योजना

| क.सं. | योजना | ईकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| १ | सहजकर्ता | जना | १ | २०,००00 | १,२०,००० |
| २ | यातायात | महिना | ६ | ४,००० | २४,००० |
| ३ | सञ्चार | महिना | ६ | १,००० | ६,००00 |
| ४ | स्टेसनरी | महिना | ६ | ५०० | ३०,००० |

**समापन सत्र**

**दलबहादुर राजकोटी, पाल्पा**

समीक्षा सहज र एकदम राम्रो लाग्यो । सङ्घर्षका कथाहरू सुन्दा भूमि आन्दोलनमा लाग्न जोस बढेको छ । अवको दिनमा आफ्नो गाउँ मञ्चलाई कसरी परिचालन गर्नुपर्छ भन्ने उत्साह बढेको छ र साथै त्यसको ज्ञान पनि यहाँबाट लिन पाएँ ।

**मोहन गर्तोला, सुनसरी**

मैले यति धेरैसँग बोल्न र चिनजान गर्न पनि पाएको थिइन । यो समीक्षामा आएर हामीले भोग्नुपरेको दुःदको घटनाहरू सुनाउन पाए । हामीलाई भूमि अधिकार अभियानले ठुलो सहयोग गरेको छ । अधिकार लिन सिकाएको छ हामी त्यही बाटोमा हिडेका छौं ।

**निर्मला विक, दाङ**

समीक्षा भनेको खाली छलफल मात्र नभई ज्ञान आदान-प्रदान गर्ने थलो पनि रहेछ जुन मैले तीन दिनको बसाईमा थाहा पाएँ । यहाँ धेरै जिल्लामा भएको अभियानको विषयमा सुन्न पाउँदा आफ्नो ठाउँको पनि चित्र झलझली देख्न पाएँ । अव आफ्नो जिल्लाको सङ्गठनलाई सशक्त बनाउन आटँ बढेको छ ।

**राम चुनारा, कञ्चनपुर**

वार्षिक समीक्षामा पहिलो पटक भाग लिन पाएँ । यसबाट कुनै एक ठाउँको मात्र नभई पुरै देशैभरी भएको अभियानको, सफलता, असफलता र सङ्घर्षको बारेमा आदान-प्रदान भयो । असल अभ्यासका कुराहरू पनि एक अर्को जिल्लाबाट सिक्न पाइयो ।

**ग्याल्जेन तामाङ, सिन्धुपाल्चोक**

राष्ट्रिय समीक्षामा धेरै विषयमा छलफल भयो । ज्ञानको आदान-प्रदान भयो । सो क्रममा मैले पनि धेरै कुरा सिक्न पाएँ, आफ्नो पीडा र दुःख पनि सबै सामू राख्न पाउँदा धेरै खुशी लागेको छ । यहाँ सिकेको कुरा अवश्य पनि सङ्गठनका साथीहरूलाई सिकाउँछु

**गीता सिनाल, बैतडी**

जिल्लामा गरिरहेका अभियानको विषयमा गहिरो छलफल भयो । समीक्षाले आगामी आन्दोलनलाई कसरी लैजादा सफलता पाउन सकिन्छ भन्ने कुरा सिकायो ।

**राम सुरत रैदास, बाँके**

पीडितहरूको पक्षमा काम गर्न र मनन् गर्ने मौका मिल्यो । समीक्षाले भूमि आन्दोलन प्रति झन आत्मविश्वास बढेको छ ।

**हरि तिमिल्सेना, सिन्धुपाल्चोक**

हरेक समीक्षा फरक लाग्छ । यो समीक्षा पहिले भन्दा फरक भयो । यसले अवको बाटो अप्ठ्यारो छ कसरी हिड्ने भन्ने विषयमा पनि चिन्तन गरायो । होटलमा गर्ने समीक्षा भन्दा आफ्नै भूमि घरमा गरिएको समीक्षाले बढि ऊर्जा दियो । कुनै कमीकमजोरी भएन ।

**कुमार थापा, आत्मनिर्भर केन्द्र**

म केही समय विचमा खाली बसेर फेरी अभियानमा आईपुगेको छु । पहिले भन्दा धेरै परिवर्तन आएको छ । स्रोतको खोजी र उपयोग भएको छ । आन्दोलन उचाईमा पुगेको छ ।हिँडौ, अवस्य पुगिन्छ ।

**सोमप्रसाद भण्डारी, राष्ट्रिय भूमि अधिकार मञ्च**

अघिल्ला वर्षहरूमा भन्दा भिन्न तरिकामा समीक्षा भएको छ । यहाँ वार्षिक समीक्षा मात्र गरेका छैनौं । ५ वर्ष रणनीतिको विषयमा पनि समीक्षा भएको छ । ५ वर्षे भूमि तथा कृषि अधिकार आन्दोलनको रणनीतिको उपलब्धीको चर्चा भयो । भूमि अधिकारका लागि सबै साथीहरू, स्रोत केन्द्र र संस्थाहरूको सहयोगमा आन्दोलन सफल हुँदै आएको छ । देशभर असल भूमि अगुवा र कार्यकर्ताहरूको विकास भएको छ । समीक्षा आफ्नो कामको आफैले गर्ने हो, त्यो खाले पद्दतीको विकास हुनुपनि जरूरी छ । फिल्डबाट राष्ट्रिय भूमि अधिकार मञ्चलाई आएको सुझाव पनि सकरात्मक रूपमा नै लिनुपर्छ । यसले आगामी आन्दोलनको रणनीतिक योजना बनाउन पनि सहयोग गर्छ ।

**जगत बस्नेत, कार्यकारी निर्देशक, आत्मनिर्भर केन्द्र**

- अन्तको समीक्षामा खाना मिठो भएन, सुताई राम्रो भएन भन्ने गुनासो थुप्रै सुनिन्थ्यो तर यहाँ त्यस्तो व्यवस्था नहुँदा पनि कुनै गुनासो आएन । यसले आफ्नै उत्पादनलाई प्रोत्साहन दिन खोजेको छ ।
- हामी गरिबहरूको जीवन परिर्वतनका लागि लागिरहेका छौं ।
- हामी अहिले सक्रमण काल (पुरानो रणनीति सकिने र नयाँ नबनिसकेको अवस्था) मा जान लागेका छौं । यस अवधीमा हामीलाई अहिले सम्मको ज्ञान, सिकाई, चूनौतीहरूलाई पनि आत्मसाथ गरि आगडी बढ्नु आवश्यक छ यसमा यहाँहरूको सहयोग महत्वपूर्ण हुनेछ ।
- यस पटकको समीक्षामा महिलाको सहभागीता कम देखियो ।
- प्रस्तुतीमा फरकपन आयो ।
- हाम्रो सहकार्य खाली पैसासँग मात्र नभई ज्ञान, विचार, सम्बन्ध बढाउने क्षेत्रमा पनि हुन्छ र हुनुपर्छ ।
- यहाँ बनेको योजनालाई कार्यान्वयमा सहयोग पुऱ्याउनु हुनेछ भन्ने आशा हामीले लिएका छौं ।

- खर्चको हिसावले पनि यो समीक्षा मितव्ययी भयो । ठिमुरा जस्तै स्रोत केन्द्र सबै क्षेत्रहरूमा विकास हुनु आवश्यक छ, अनि आन्दोलन पनि संस्थागत रूपमा अघि बढ्न सक्छ ।

**अनसुचीहरू**

## १. सहभागी विवरण

| क्र.सं. | नाम | स्रोत/केन्द्र/मञ्च | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १. | विश्वास नेपाली | आत्मनिर्भर केन्द्र | स.स्रो.के तथा प.अ. | ९८४१७४१८६६ |
| २. | ज्योती बैद्य | आत्मनिर्भर केन्द्र | पि.एम.ई.अधिकृत | ९८४१४६२८६३ |
| ३. | पुष्कर आचार्य | आत्मनिर्भर केन्द्र | वित्त संयोजक | ९८५१०५७८७५ |
| ४. | मोहन प्र गाड्तौला | जिल्ला मञ्च, सुनसरी | सदस्य | ९८४२४७९६९९ |
| ५. | राजकुमार बस्नेत | जिल्ला मञ्च, महोत्तरी | सचिव | ९८४४१९२५८७ |
| ६. | कुमार थापा | आत्मनिर्भर केन्द्र | फिल्ड सहजकर्ता | ९८४१२२४२८१ |
| ७. | जमुन्ती थारू | जिल्ला मञ्च, रूपन्देही | अभियानकर्ता | ९८१७४३४१७७ |
| ८. | लता घतानी | अभियान नेपाल, भ्rापा | जिल्ला संयोजक | ९८४२६३९९९० |
| ९. | शुभराज चौधरी | आत्मनिर्भर केन्द्र | स्रोत केन्द्र संयोजक | ९८४१५७५८३६ |
| १०. | नरिराम लोहार | आत्मनिर्भर केन्द्र | स्रोत केन्द्र संयोजक | ९८०६४८०३११ |
| ११. | राम ब. चुनारा | जिल्ला मञ्च, कञ्चनपुर | उपाध्यक्ष | ९८४८७४४४७५ |
| १२. | ल्यामबहादुर दर्जी | रा.भू.अ.म, नेपाल | महासचिव | ९८४७६३६२७६ |
| १३. | लालमणि भण्डारी | सिएसडिआर बाँके | संयोजक | ९८५००२३७१४ |
| १४. | रेमन्त चौधरी | स्वान, दाङ | संयोजक | ९८४९५५८५३५ |
| १५. | सुनिलकुमार चौधरी | स्वान, दाङ | अभ्यासकर्ता | ९८४७८३०४५ |
| १६. | शैलेन्द्र राई | अभियान नेपाल, सुनसरी | संयोजक | ९८४१५१७५४३ |
| १७. | भोला बस्नेत | आत्मनिर्भर केन्द्र, ओखलढुङ्गा | संयोजक | ९८४२९४०६०८ |
| १८. | गमिता राई | जिल्ला मञ्च, खोटाङ | अध्यक्ष | |
| १९. | अन्जु अधिकारी | रामेछाप | जिल्ला संयोजक | ९८४४०७३९९५ |
| २०. | शोभा विक | किसाननगर, महोत्तरी | अगुवा | ९८१६८३५५६९ |
| २१. | रामकुमारी चौधरी | जिल्ला मञ्च बर्दिया | अभियानकर्ता | ९८४८२०३२८४ |
| २२. | राम सुरत रैदास | जिल्ला मञ्च बाँके | अभियानकर्ता | ९८४८०४६५३३ |
| २३. | महेश वड | रा.भू.अ.म, नेपाल | कोषाध्यक्ष | ९८०४४४५८८० |
| २४. | सोमप्रसाद भण्डारी | रा.भू.अ.म, नेपाल | अध्यक्ष | ९८४३४६७००७ |
| २५. | जगत देउजा | आत्मनिर्भर केन्द्र | कार्यक्रम व्यवस्थापक | ९८५१०१५१४५ |
| २६. | ग्यालजेन तामाङ | जिल्ला मञ्च, सिन्धुपाल्चोक | कोषाध्यक्ष | ९७४११०१८९१ |
| २७. | कल्पना न्यौपाने | जिल्ला मञ्च, नुवाकोट | अभियानकर्ता | ९७४११३३६२२ |
| २८. | हरि प्र. तिमिल्सेना | सिडिसिएफ | संयोजक | ९८४१४८२६७८ |
| २९. | कल्पना कार्की | आत्मनिर्भर केन्द्र | क्षे.का.अ. | ९८५११४०४७४ |
| ३०. | दल ब. रास्कोटी | पाल्पा, गाउँ मञ्च | सचिव | ९८४७१०२४७५ |
| ३१. | शिवकुमार पासवान | जनचेतना दलित संगम | जिल्ला संयोजक | ९८४२८४९५१ |
| ३२. | दिपेन्द्र कुमार राम | जनचेतना दलित संगम | लेखापाल | ९८१५७६७२६४ |
| ३३. | गणेश प्रसाद राम | जनचेतना दलित संगम | संयोजक | ९८४२८८०९८४ |
| ३४. | गीता सिनाल | जिल्ला मञ्च, बैतडी | सदस्य | ९८४८७४६१७२ |
| ३५. | गिता पण्डित | आत्मनिर्भर केन्द्र | वि.तथा प्र.अ. | ९८५१०४१०७० |
| ३६. | भवानी घिमिरे | जिल्ल्ला मञ्च, सर्लाही | अभियानकर्ता | ९८४४२६९०७९ |

| | | | | |
|---|---|---|---|---|
| ३७. | लक्ष्मी ओड | रा.भू.अ.म नेपाल | कार्यालय तथा लेखा सहायक | ९८४९३६४८४७ |
| ३८. | जगत बस्नेत | आत्मनिर्भर केन्द्र | कार्यकारी निर्देशक | ९८५१०८११७९ |
| ३९. | निर्मला विक | जिल्ला मञ्च, दाङ | अध्यक्ष | ९८४७८६३१३३ |
| ४०. | महादेवि चौधरी | जिल्ला मञ्च, सुनसरी | सदस्य | ९८१७३९२६०३ |

## २. समीक्षाको खर्च

| क्र.सं. | विवरण | जम्मा खर्च | कैफियत |
|---|---|---|---|
| १. | स्टेशनरी खर्च | ११५१५/- | |
| २. | जेनेरेटर तेल खर्च (१० लिटर) | १२२८ /- | |
| ३. | खाना, बास प्याकेजमा ६७८ X ४० X ३ | ८१३६०/- | ४० जनाको ३ दिनको भ्याट सहितको खर्च |
| ४. | खाना बास २४ गते बेलुका १८० X ३७ | ६६९०/- | |
| ५. | यातायात खर्च काठमाडौं-चितवन | ५०००/- | ११ जना (सामान सहित) |
| ६. | यातायात खर्च चितवन-काठमाडौं | ६०००/- | २० जना |
| ७. | काठमाडौंमा २८ गते बिहानको खाना | १६६०/- | |
| ८. | खाजा (काडमाडौंदेखि चितवन जाँदा) | ९७५/- | |
| ९. | सहभागी यातायात खर्च | १३८९६/- | |
| | जम्मा खर्च | १२८२२४/- | |

## ३. भूमि तथा कृषि अधिकार अभियान

वार्षिक सहभागीमूलक समीक्षा तथा मनन् प्रक्रिया, २५-२७ असार, २०७०

**प्रस्तावित कार्यक्रम**

१. असार २४ गते वेलुका नै सवै सहभागी भूमि अध्ययन घर, ठिमुरामा आईसक्नुपर्नेछ । जरूरी कारण वाहेक रात्री वसमा नआउनुहोला । यसले सक्रिय सहभागीतामा बाधा हुन्छ ।

२. पुसको समीक्षामा बनाईएको योजना समेतलाई ध्यानमा राखी प्रस्तुतीका लागि पुर्ण तयारी गरी कभरेज, प्रभावको केस, फोटाहरू, भिज्यूअल सामाग्री सबै लिएर आउनुहोला ।

### १. पहिलो दिन : २०७० असार २५

| समय | कार्यक्रम | सहजीकरण |
|---|---|---|
| ७:०० | चिया खाजा | |
| **शुरूवाती सत्र** | | |
| ७:३० | स्वागत र समीक्षाबाट खोजेको परिणाम | कार्यकारी निर्देशक |
| | सहभागी परिचय, बजेट र व्यवस्थापन सम्बन्धमा | वित्त तथा प्रशासन अधिकृत |
| | **समीक्षाको प्रक्रिया सम्बन्धमा** | कार्यक्रम व्यवस्थापक |

| | | |
|---|---|---|
| | *तयार पारिएको नेपाली नोट र कार्यक्रम विवरणको आधारमा* | |
| | **अघिल्लो समीक्षाको पूनरावलोकन**<br>*प्रत्येक स्रोत केन्द्र/संस्था र मञ्चले अघिल्लो समीक्षामा उठेका र कार्यान्वयनमा ल्याएका २ वटा अभ्यास मेटाकार्डमा लेख्ने र सहजकर्ताले समग्रमा सुनाउने* | पिएमई अधिकृत |
| **मुख्य परिवर्तन** | | |
| ८.३० | मुख्य परिवर्तनको नक्शाकंन र त्यसका सिकाईहरूको प्रस्तुती<br>आफ्नै प्रस्तुतीमा प्रश्न, हामीले के गर्न सकेनौं ? रूख, फुल र काँडाबाट अभ्यास गरेर हेर्ने | कार्यक्रम व्यवस्थापक |
| १२:०० | खाना | |
| | **उद्देश्य र उपलव्धीको समीक्षा** | |
| २:३० | प्रत्येक स्रोत केन्द्र, स्रोत संस्था, मञ्च, साआसेकेका ईकाईले वार्षिक उद्देश्य र उपलव्धी प्रस्तुत गर्ने ।<br>*विचमा ४ बजे चिया र खाजा* | सामूहिक |
| ७:०० | समापन | |

## २. दोस्रो दिन : २०७० असार २६

| समय | कार्यक्रम | सहजीकरण |
|---|---|---|
| ७:०० | अघिल्लो दिनको समीक्षा | - |
| ७:३० | प्रत्येक स्रोत केन्द्र, स्रोत संस्था, मञ्च, साआसेकेका ईकाईले अर्धवार्षिक उद्देश्य र उपलव्धी प्रस्तुत गर्ने, अघिल्लो दिनबाट निरन्तर | सामूहिक |
| ११ : ०० | उद्देश्य र उपलव्धीको प्रस्तुतीको लेखाजोखा | सामूहिक |
| १२:३० | खाना | |
| **तयारी र बुझबुझारथ सत्र** | | |
| १:३० | प्रतिवेदन बुझाउने, फोटा सेयर गर्ने, परिवर्तनका कथाहरू छनौट गर्ने,भिडियो अर्न्तवार्ता लिने आदि | समूहमा |
| ३:३० | चिया, खाजा | |
| | **रणनीति निर्माण सत्र** | |
| ४:०० | भूमि अधिकार आन्दोलनका नयाँ रणनीतिमा छलफल | जगत बस्नेत |
| ६:३० | समापन | |

## ३. तेस्रो दिन : २०७० असार २७

| समय | कार्यक्रम | सहजीकरण |
|---|---|---|
| ७:३० | अघिल्लो दिनको समीक्षा | - |
| **योजना सत्र** | | |
| ८:०० | भूमि अधिकार आन्दोलनका नयाँ रणनीतिमा छलफल | जगत बस्नेत |
| १०:०० | सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको आगामी सोच<br>साउनदेखी पुससम्म कसरी कार्य गर्ने ? | जगत देउजा |

| | | |
|---|---|---|
| १२:०० | खाना | |
| १:३० | कार्यान्वयन रणनीतिमा समूहगत छलफल, तयारी | सामूहिक |
| ४:३० | चिया, खाजा | |
| ४:३० | बाँकी रहेका विषयमा अनौपचारिक छलफल | साआसेके र सम्बन्धित |
| ६:३० | समीक्षा समापन | |

४. फोटो



जय भूमि ॥